ट्रम्पको निमन्त्रणामा मोदी अर्को हप्ता ह्वाइट हाउस जाने | पृष्ठ ६ मा



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २६ • अंक २५१ • २०८१ साल माघ २३ गते बुधवार (5 February, Wednesday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## भारतीय पर्यटक घट्दो

**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाललाई औधी रुचाउने भारतीयहरुलाई सडक दुर्घटनाले निराश बनाउँदा पछिल्लो समय घुम्न आउने संख्यामा निकै कमी आएको छ।

नेपालमा पहिरो आउँदा दुई वटा बस त्रिशूली नदीमा खसेर कम्तीमा ६२ यात्रु बेपत्ता भएको थियो भने ९ जना भारतीय नागरिकले ज्यान गुमाए पछि सो परिणाम देखिएको छ।

अंग्रेजी तारेख २०२४ तर्फमा एक महिना नपुग्दै पृथ्वीराजमार्गअन्तर्गत आँबुखैरेनीमा भारतीय पर्यटक बोकेको बस नदीमा खसेको थियो। ऐना पहरामा भएको यो दुर्घटनामा पनि २६ भारतीयको घटनास्थलमै मृत्यु भएको थियो।

यस वर्ष भएको वर्षातमा भएका दुई ठूला दुर्घटनामा परेका कतिपय भारतीयको त अझै पनि शव भेटिएको छैन।

सन् २०२४ को अगस्टबाट भारतीय पर्यटक निरन्तर घट्दै गइरहेका छन् भने सन् २०२५ को जनवरीसम्म अहिलेसम्म नरोकिएको तथ्यांकले देखिएको छ। गत वर्ष अगस्ट महिनामा भारतीय पर्यटक ३.१ प्रतिशतले घटेका थिए।

नेपाल महंगो गन्तव्यको पहिचान बनाउँदा भारतीयसँगै एसियाली मुलुकबाटै नेपालमा आउने पर्यटक घटेका छन्।

### अर्बौंको लसुन चीनबाट आयात

# भारततर्फ तस्करीको आशंकामा सूक्ष्म अनुसन्धान हुँदै

**टुडे समाचारदाता**

जनकपुरधाम। पछिल्लो पाँच आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षको ६ महिनामा चीनबाट सबैभन्दा बढी लसुन नेपाल आयात भएको देखिएको छ।

चालु आर्थिक वर्षको ६ महिनाको अवधिमा ६ अर्ब १८ करोड ३९ लाख २९ हजार रुपैयाँ मूल्य बराबरको ४ करोड ६९ लाख ३९ हजार किलो लसुन चीनबाट आयात भएको तथ्यांकले देखाएको छ।

चीनबाट औसत ५० करोड रुपैयाँदेखि १ अर्ब रुपैयाँ मूल्य बराबरको आयात हुने गरे पनि पछिल्लो समयमा किन यति लसुन आयात भयो भन्ने बारे शंका भए पछि भन्सार विभागले सूक्ष्म अनुसन्धान थालिएको छ।

व्यवसायीहरुले जनाए अनुसार चीनबाट आयात भएको लसुन पछिल्लो समयमा खुला सीमाको फाइदा उठाउँदै तस्करले भारत पठाउने गरेका छन्। यसले गर्दा चीनबाट नेपालमा लसुनको आयात अत्यधिक परिमाणमा बढेको उनीहरु बताउँछन्।

पछिल्लो पाँच आर्थिक वर्षको अवधिमा सबैभन्दा बढी लसुन चालु आर्थिक वर्षको ६ महिनाको अवधिमा चीनबाट मात्रै आयात भएको छ। अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा २ अर्ब २२ करोड ३९ लाख रुपैयाँबराबरको १ करोड ७० लाख २६ हजार किलो आयात भएको थियो।

यस्तै आर्थिक वर्ष २०७९/८० मा ५ लाख ९९ हजार रुपैयाँबराबरको १ हजार ९ सय ९६ किलो लसुन चीनबाट आयात भएको थियो।

एक आयातकर्ताका अनुसार चीनबाट आयत हुने लसुनको कूल परिमाणमध्ये झण्डै ८० प्रतिशत



भारतमा तस्करी भइरहेको छ।

व्यवसायीहरुका अनुसार पछिल्लो समयमा भारतमा लसुनको उत्पादन निक्कै कम परिमाणमा भएको थियो। मौसम प्रतिकूलका कारण भारतमा लसुनको उत्पादनमा कमी आउँदा मागअनुसार आपूर्ति नहुँदा त्यहाँ निक्कै महँगो मूल्यमा बिक्री भइरहेको छ।

भारतमा प्रतिकिलो लसुनको मूल्य ४ सय भारतीय रुपैयाँ(प्रतिकिलो ६३९.८५ नेपाली रुपैयाँ)छ। चीनमा लसुनको मूल्य प्रतिकिलो करिब १५० देखि १६५ रुपैयाँ नेपाली पर्छ। खरिद भएको सो लसुनमा ढुवानी भाडा प्रतिकिलो करिब १५ रुपैयाँको हाराहारीमा लाग्छ। औपचारिक रुपमा चीनबाट आयात गरिएको लसुन नेपालसम्म आइपुग्दा करिब १८० देखि १९० रुपैयाँसम्म पर्छ।

सो लसुन भारतमा तस्करी गरी पठाउँदा प्रतिकिलोमै कम्तीमा ३ सय रुपैयाँसम्म नाफा हुने भएकाले चीनबाट लसुनको आयात नेपालमा अत्यधिक बढेको छ। अनौपचारिक रुपमा भारतमा तस्करी हुने गरेकाले यसको विवरण भन्सार विभागको तथ्यांकमा उल्लेख नै छैन।

चालु आर्थिक वर्षको ६ महिनाको अवधिमा अत्यधिक परिमाणमा आयात भएको लसुन भन्सार विभागको आयातको सूचीमा १९ औं नम्बरमा परेको छ।

गत आर्थिक वर्ष २०८०/८१ मा चीनबाट आयात भएको लसुन भन्सारको आयातको सूचीमा ३३७ नम्बरमा परेको थियो। त्यस्तै आर्थिक वर्ष २०७९/८० मा आयातको सूचीमा चीनको लसुन १९५ नम्बरमा परेको थियो। भन्सार विभागका सूचना अधिकारी मुक्तिप्रसाद श्रेष्ठले पनि पछिल्लो असोज महिनादेखि नेपालमा चीनबाट अस्वभाविक रुपमा लसुनको आयात बढेको जनाए।

सूचना अधिकारी श्रेष्ठले भने, 'गत असोज महिनादेखि नेपालमा चीनबाट अत्यधिक परिमाणमा लसुनको आयात भइरहेको हामीले पाएका छौं, चालु आर्थिक वर्षको ६ महिनामा यो तथ्यांक झनै आश्चर्यजनक रुपमा पाइएको छ,' उनले अघि थप्दैं भने, 'यति ठूलो परिमाणमा चीनबाट लसुनको आयात किन बढ्यो भन्ने विषयमा विभागले सूक्ष्म रुपमा अध्ययन गरिरहेको छ।'

चीनबाट लसुन आयात हुँदा प्रतिकिलोमा ३४ रुपैयाँ भन्सार महसुल लाग्ने गरेको छ। अत्यधिक परिमाणमा लसुन आयात हुँदा राजस्व पनि धेरै परिमाणमा उठेको छ। चालु आर्थिक वर्षको ६ महिनाको अवधिमा चीनबाट लसुन आयात हुँदा सरकारले भन्सार विन्दुमा १ अर्ब ५९ करोड ६१ लाख रुपैयाँ राजस्व असुल गरेको छ। गत आर्थिक वर्ष २०८०/८१ मा ५७ करोड ४० लाख रुपैयाँ राजस्व असुली भएको थियो।

चीनबाट आयात भएको लसुन भारत तस्करी भइरहेको विषयलाई बेला बेलामा सीमा क्षेत्रमा बरामद भइरहेको लसुनको घटनाबाट पुष्टि भएको छ।

दुई साताअघि मात्रै भारत तस्करी गर्न लागेको ठूलो परिमाणमा चिनियाँ लसुन बिहारको मोतिहारीको सीमा क्षेत्रमा भारतीय प्रहरीले नियन्त्रणमा लिएको थियो। सीमा क्षेत्रमा करिब ७ सय मेट्रिक टन लसुन भारतीय प्रहरीले बरामद पनि गरेको थियो।

त्यस्तै केही साताअघि सर्लाहीको सीमानाका क्षेत्रबाट एक क्वीन्टलभन्दा बढी लसुन, विराटनगरको सीमा क्षेत्र जोगवनी नजिकै १४८ र ३७५ किलो चिनियाँ लसुन भारतीय सीमा सुरक्षाकर्मीले बरामद गरेका थिए।







# निरोगी नेपाल अभियान सफल बनाउन साझा प्रयास आवश्यक छः प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले मंगलबारदेखि सुरु भएको पाठेघरको मुखको क्यान्सरविरुद्धको निःशुल्क एचपिभी खोप अभियानलाई सफल पार्न सबैको साझा प्रयास आवश्यक भएको बताउनुभएको छ।

विश्व क्यान्सर दिवसको सन्दर्भ पारेर स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा महाराजगञ्जको शिवपुरी



माध्यमिक विद्यालयमा मंगलबार आयोजित देशव्यापी अभियानको शुभारम्भ गर्दै उहाँले निरोगी नेपाल अभियानलाई सफल बनाउन सम्बद्ध सबैको साझा प्रयास अपरिहार्य भएको उल्लेख गर्नुभयो ।

प्रधानमन्त्री ओलीले मानव जातिको सुख र समृद्धि सरकारको लक्ष्य भएको बताउँदै नेपाली नागरिकलाई रोग र अभावबाट मुक्त गर्न वर्तमान सरकार क्रियाशील रहेको बताउनुभयो । उहाँले कोही बिरामी नहोउन् र बिरामी भइहालेमा सहज र गुणस्तरीय उपचारको प्रबन्ध होस् भन्नेमा सरकार सचेत रहेको समेत उल्लेख गर्नुभयो ।

प्रधानमन्त्री ओलीले निरोगी नेपालको केन्द्रविन्दुमा मानव जाति रहेकाले स्वच्छ र सन्तुलित खाना मात्र खान सुझाउनुभयो । उहाँले सबैको साझा प्रयासबाट कोरोना महामारीलाई पनि परास्त गरिएकाले पाठेघरको मुखको क्यान्सर निर्मूल गर्न सकिने बताउनुभयो । साथै पाठेघरकोमुखकोक्यान्सरविरुद्धको निःशुल्क एचपिभी खोप लागाउने अधिकारबाट तोकिएका समूहका कोही पनि किशोरीहरु वञ्चित नहुन् भन्ने प्रधानमन्त्रीले कामना गर्नुभयो ।रासस

# महाकुम्भमा विदेशी सहभागीता



**टुडे समाचारदाता**

वीरगञ्ज । विश्वमै प्रसिद्ध एवम हिन्दु धर्मावलम्बीहरूको सबैभन्दा ठूलो धार्मिक मेला महाकुम्भमा भुटानका राजा संगममा स्नान गरेका छन ।राजा जिग्मे खेसर नामग्याल वाङ्चुक उत्तर प्रदेशका मुख्यमन्त्री योगीसंगै संगममा पवित्र स्नान गरेका हुन। सोमबार भारत पुगेका उनले मंगलबार उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथसँगै प्रयागराज स्थित त्रिवेणी सङ्गममा आस्था व्यक्त गर्दै डुब्की लगाए।

राजा वाङ्चुक र मुख्यमन्त्री आदित्यनाथ विशेष सुरक्षाका साथ लखनउबाट बमरौली विमानस्थल हुँदै महाकुम्भ क्षेत्र पुगेका थिए । सङ्गम स्नानपछि दुवैले गङ्गा पूजा पनि गरेका थिए। सो पश्चात् उनीहरू लेटे हनुमान मन्दिर र अक्षयवट मन्दिरमा समेत दर्शन गरेका थिए।

बुधवार भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी महाकुम्भ मेलामा सहभागी हुन लागेका छन् । उनको आगमनलाई ध्यानमा राख्दै उत्तर प्रदेश सरकारले सबै तयारी पूरा गरिसकेको मुख्यमन्त्री आदित्यनाथले जानकारी दिए।

यस वर्षको महाकुम्भमा वसन्त पञ्चमीसहित तीन प्रमुख 'अमृत स्नान' सम्पन्न भइसकेका छन्, भने अझै तीन स्नान पर्व बाँकी छन् । लाखौँ श्रद्धालु र साधु-सन्तहरूले गङ्गामा डुब्की लगाउँदै धार्मिक आस्था प्रकट गरिरहेका छन् ।

हिन्दु धर्मग्रन्थहरूमा कुम्भ मेलालाई 'अमर मेला' भनेर उल्लेख गरिएको छ । यसलाई पवित्रताको प्रतीक मानिँदै आएको छ, जहाँ विश्वभरका भक्तजनहरू आफ्नो विवेक शुद्ध गर्न तथा आध्यात्मिक शान्ति खोज्न त्रिवेणी सङ्गममा स्नान गर्न आउने गर्छन् ।

महाकुम्भको आकर्षण शाही स्नानमा विशेष रूपमा केन्द्रित हुने गर्छ, जहाँ विभिन्न अखाडाका साधु-सन्तहरूले भव्य रूपमा गङ्गा स्नान गर्ने परम्परा रहँदै आएको छ । धार्मिक र सांस्कृतिक महत्त्वका कारण कुम्भ मेला सधैँ विश्वव्यापी चासोको केन्द्र बन्ने गरेको छ ।

# रौतहटमा एचपिभि खोप अभियान

**टुडे समाचारदाता**

रौतहट । स्वास्थ्य कार्यालय रौतहटमा एचपिभि खोप अभियान शुरु भएको छ। जिल्ला स्तरीय खोप समन्वय समितिको अध्यक्ष तथा जिल्ला समन्वय समिति रौतहट गौरका सभापति रामअयोध्या राय यादवद्रारा औपचारिक रूपमा अभियानको उद्घाटन गरिएको छ। उद्घाटन क्रममा ९ जना छात्रालाई खोप लगाइएको छ।



खोप अभियान स्वास्थ्य कार्यालय रौतहटको योजना अन्तर्गत शुरु गरिएको छ । ९ देखि १४ वर्ष उमेर समूहका किशोरीहरूलाई पाठेघरको मुखको क्यान्सरविरुद्ध प्रतिरक्षा प्रदान गर्ने लक्ष्य राखेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वयमा देशभरि सञ्चालन गरिने एचपिभि खोप अभियान अन्तर्गत रौतहटमा पनि ठूलो संख्यामा किशोरीहरूलाई खोप प्रदान गर्ने तयारी गरिएको छ।

स्वास्थ्य कार्यालय रौतहटका प्रमुख राजेश कुमार सिंहले खोप अभियानको लक्ष्य, उद्देश्य, उपलब्धि र आवश्यकताका बारेमा जानकारी गराएका थिए । उनले फागुन ६ गतेसम्म सञ्चालन हुने यस खोप अभियानमा जिल्लाभरका ४९ हजार २६९ जना किशोरीहरूलाई खोप दिने लक्ष्य राखिएको छ।

उनलेसबै अभिभावकहरूलाई आफ्ना छोरीहरूलाई अनिवार्य रूपमा खोप लगाउन आग्रह गर्दै १० देखि १४ वर्ष समूहका किशोरीहरू कोही पनि नछुटाउनुपर्नेमा बताए।

स्वास्थ्य कार्यालय रौतहटले यस खोप अभियानलाई प्रभावकारी बनाउन समुदायस्तरमा प्रचारप्रसार गर्दै आएको छ। विद्यालयहरूमा सचेतना कार्यक्रम सञ्चालन गरिएको छ, जसका कारण अभिभावकहरूमा पनि खोपप्रति सकारात्मक धारणा बढेको बताइएको छ।

गौर नगरपालिकाकी स्थानीय बासिन्दा सुमित्रा देवी महतोले खोप बालिकाहरूका लागि अत्यन्तै आवश्यक रहेको बताइन् ।

# लगानीको वातावरण नबिगार्न निजी क्षेत्रका तीन संस्थाको अनुरोध

काठमाण्डु । निजी क्षेत्रका तीन संस्थाले मुलुकमा लगानीको वातावरण नबिगार्न सम्बद्ध पक्षसँग अनुरोध गरेका छन् ।

नेपाल उद्योग वाणिज्य महासङ्घ, नेपाल उद्योग परिसङ्घ र नेपाल चेम्बर अफ कमर्सले मंगलबार संयुक्त रुपमा विज्ञप्ति जारी गरी कोशी प्रदेशको पाथीभरा (मक्कुम्लुङ) क्षेत्रमा केबलकार निर्माणको विषयलाई लिएर भइरहेका गतिविधिप्रति ध्यानाकर्षण भएको जनाउँदै बन्द र हडतालका कार्यक्रम तत्काल रोक्न आग्रह गरेका हुन् ।

पाथीभरा क्षेत्रमा केबलकार निर्माण परियोजनाको विषयलाई लिएर कोशी प्रदेशका जिल्लामा भइरहेको बन्द हडतालले त्यहाँको शैक्षिक, आर्थिक तथा सामाजिक जनजीवन समेत अस्तव्यस्त भएको, सर्वसाधारणले सास्ती भोग्नु परेको र यस्ता गतिविधिले मुलुकको पूर्वाधार विकासका लागि लगानीमैत्री वातावरण बिथोलिने अवस्था सिर्जना हुने उनीहरुको भनाइ छ ।

"नेपालको समग्र आर्थिक विकासमा निजी क्षेत्रको महत्वपूर्ण भूमिका रहेको सर्वविदितै छ। उद्योग, व्यापार, बैङ्किङ, ऊर्जा, कृषि, पर्यटन, सञ्चारलगायत अन्य विभिन्न पूर्वाधार विकास तथा सेवा क्षेत्रमा निजी क्षेत्रको गरेको लगानीले देशको समृद्धिमा उल्लेखनीय योगदान पुर्‍याएको छ। तर विकासका कार्य रोक्न भइरहेका पछिल्ला गतिविधिले नेपालमा लगानी गर्ने स्वदेशी तथा विदेशी लगानीकर्ताहरुलाई नकारात्मक सन्देश प्रवाह गर्ने हुनाले सम्बन्धित सरोकारवालाहहरूलाई यस विषयमा गम्भीर बन्न, विकास निर्माणको कार्यलाई सहज र निर्वाध रुपमा सञ्चालन गर्ने वानतावरण सिर्जना गर्न आग्रह गर्दछौँ", विज्ञप्तिमा भनिएको छ।

पर्यटनमा निजी क्षेत्रले अर्बौं रुपैयाँ लगानी गरिसकेको, हजारौँ नेपालीलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा रोजगारी प्रदान गरिरहेको अवस्थामा पाथीभरा (मक्कुम्लुङ) मा बन्ने पर्यटकीय पूर्वाधारले त्यहाँ जान चाहने वृद्धवृद्धा, अशक्त बालबालिकासहित अन्य यात्रुहरूलाई सुरक्षित, छिटो र सुविधाजनक यात्रा उपलब्ध गराउनाका साथै पूर्वाधार निर्माणले त्यहाँको धार्मिक सांस्कृतिक तथा साहसिक पर्यटन प्रवर्द्धन, कृषि, हस्तकलाको विकासमार्फत व्यवसायको प्रवर्द्धनका साथै स्थानीयका लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारीका अवसर सिर्जना हुने र देशकै पर्यटन विकासमा सकारात्मक प्रभाव पार्ने विज्ञप्तिमा जनाइएको छ।

यस्तै केबलकार निर्माणका लागि स्थानीय तह र स्थानीयहरु सहमत रहेको र बन्नुपर्छ भन्ने धारणा राखिरहेको सन्दर्भमा केबलकार बन्न दिनु हुँदैन भनेर बाह्य हस्तक्षेपसहित केबलकार निर्माणमा अवरोध हुनुलाई दुःखद मात्र नभई विकासको प्रवाहलाई रोक्ने प्रयासका रुपमा निजी क्षेत्रले लिएको समेत विज्ञप्तिमा उल्लेख छ। रासस

# एकजना बालकको मृत्यु



**टुडे समाचारदाता**

जलेश्वर। महोत्तरीको पिपरामा पोखरीमा डुबेर तीन वर्षीय बालकको मृत्यु भएको छ।

जिल्लाको पिपरा गाउँपालिका-६ रतौल बस्ने राजु साह सोनारका छोरा तीन वर्षीय आशिक साहको घर नजिकैको पोखरीमा डुबेर मृत्यु भएको छ। पोखरीमा डुबेर उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

पानीमा डुबेर अशक्त भएका उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको जनाइएको छ। सो सम्बन्धमा महोत्तरी प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# लुम्बिनीमा दुई लाख ९० हजार किशोरीलाई एचपिभी' खोप लगाइने

लुम्बिनी । लुम्बिनी प्रदेशमा पाठेघर मुखको क्यान्सरविरुद्ध 'एचपिभी' को खोप करिब दुई लाख ९० हजार किशोरीलाई लगाइने भएको छ।

सरकारको १० देखि १४ वर्ष उमेर समूहका किशोरीलाई 'एचपिभी' को खोप लगाउने देशव्यापी अभियानअन्तर्गत मंगलबारदेखि लुम्बिनी प्रदेशमा खोप कार्यक्रम सुरु भएको छ।

लुम्बिनी प्रदेशका दुई लाख ९० हजार १२४ किशोरीलाई खोप लगाउने लक्ष्य राखिएको प्रदेश सरकार स्वास्थ्य मन्त्रालयले जनाएको छ । यसका लागि आवश्यक पर्ने खोप सम्बन्धित सबै खोप केन्द्रहरुमा पठाइएको मन्त्रालयलले स्पष्ट गरेको छ।

प्रदेशका १२ जिल्लामध्ये सबैभन्दा धेरै रुपन्देहीका ६१ हजार २३१ किशोरीलाई 'एचपिभी' खोप लगाइने भएको छ । यसैगरी, दाङमा ४२ हजार ६७ र कपिलवस्तुमा ३९ हजार ५२५ जना किशोरीलाई खोप लगाउने लक्ष्य राखिएको मन्त्रालयले जनाएको छ।

मन्त्रालयले रुकुम पूर्वमा सबैभन्दा कम तीन हजार ५९१ र अर्घाखाँचीमा नौ हजार ३३४ किशोरीलाई खोप लगाउने लक्ष्य लिएको छ । पाल्पामा १२ हजार ५६६, गुल्मीमा १३ हजार ४६, नवलपरासी पश्चिममा १८ हजार ७९३, रोल्पामा १५ हजार ४७८, प्यूठानमा १६ हजार ३३५, बर्दियामा २४ हजार ६५ र बाँकेमा ३४ हजार ९३ जनाले 'एचपिभी' खोप लगाउने भएको छ। पाठेघरको मुखको क्यान्सरविरुद्धकोखोपअभियानको आज लुम्बिनी प्रदेशका मुख्यमन्त्री



चेतनारायण आचार्यले दाङको राप्ती गाउँपालिकास्थित आदर्श नमूना माध्यमिक विद्यालय लालमटियामा शुभारम्भ गर्नुभयो।

मुख्यमन्त्री आचार्यसहित प्रदेश स्वास्थ्यमन्त्री खेमबहादुर सारुले उक्त विद्यालयमा आयोजित एक कार्यक्रमबीच स्वास्थ्यकर्मीलाई खोप बाकस हस्तान्तरण गरी सो अभियान सुरु गर्नुभएको हो ।

> मुख्यमन्त्री आचार्यसहित प्रदेश स्वास्थ्यमन्त्री खेमबहादुर सारुले उक्त विद्यालयमा आयोजित एक कार्यक्रमबीच स्वास्थ्यकर्मीलाई खोप बाकस हस्तान्तरण गरी सो अभियान सुरु गर्नुभएको हो ।

अभियानअन्तर्गत कक्षा ६ देखि १० सम्म अध्ययन गर्ने किशोरीसहित १० देखि १४ वर्ष उमेर समूहका सबै किशोरीलाई लक्षित गरिने भएको छ।

कार्यक्रममा मुख्यमन्त्री आचार्यले विद्यालयबाहिर रहेका किशोरीलाई समेत समेटेर अभियान सञ्चालन गर्ने नीति भएअनुसार लक्षित उमेर समूहका सबैलाई समेटेर खोप कार्यक्रम सफल बनाउन सम्बद्ध पक्षको ध्यानाकर्षण गर्नुभयो । "विद्यालयमा रहेका किशोरीले खोप पाउने कुरा सुनिश्चित छ", मुख्यमन्त्री आचार्यले भन्नुभयो, "विद्यालयबाहिर रहेका किशोरीहरुलाई समेत खोजेर अभियानमा समेट्न जरुरी छ । विद्यालयमा नजोडिएका १० देखि १४ वर्ष उमेर समूहका किशोरीहरू नछुटून् भन्नेतर्फ हामी सबैको विशेष ध्यान जान आवश्यक छ।"

प्रदेश स्वास्थ्यमन्त्री सारुले क्यान्सर, मिर्गौला र मुटुको उपचारमा सहयोग गर्न गत वर्ष रु १३ करोड विनियोजन गरेको र क्यान्सर रोग उपचारका लागि मात्र रु नौ करोड खर्च भएको जानकारी दिँदै 'खोप अभियान' सफल बनाउन सबैसँग अनुरोध गर्नुभयो।

"नसर्ने रोगका कारण बर्सेनि ठूलो धनजनको क्षति भइरहेको छ, राज्यले आफ्नो तर्फबाट सक्दो सहयोग पनि गरिरहेकै छ", उहाँले भन्नुभयो, "अब सचेत र सजग भई रोग नलाग्नेगरी हामी सबैले स्वास्थ्य जीवनशैली अपनाउन जरुरी छ ।" लुम्बिनी प्रदेशमा वार्षिक करिब दुई हजार व्यक्ति क्यान्सर रोग उपचारका लागि सहयोग लिन स्वास्थ्य निर्देशनालयको सम्पर्कमा आउने गरेको उहाँले जानकारी दिनुभयो।

स्वास्थ्य सचिव डा वासुदेव उपाध्यायले दुई चरणमा खोप लगाइने जानकारी दिँदै लक्षित उमेर समूहका किशोरीहरुलाई अनिवार्य खोप लगाउने अभियान सफल बनाउन सम्बद्ध सबैसँग अनुरोध गर्नुभयो।

राप्ती गाउँपालिकाका अध्यक्ष प्रकाश बिष्टले पालिकामा प्रभावकारी ढङ्गले खोप अभियान सञ्चालन गर्न स्वास्थ्यकर्मी टोलीलाई निर्देशन दिनुभयो।यसैबीच, बुटवल उपमहानगरपालिकाले करिब १० हजार किशोरीलाई पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप लगाउने लक्ष्य लिएको स्वास्थ्य शाखाप्रमुख युवराज पाण्डेले जानकारी दिनुभएको छ।

उपमहानगरअन्तर्गका ७० वटा विद्यालय र १२ वटा स्वास्थ्य संस्थामा गई खोप लगाउन सक्ने व्यवस्था मिलाइएको प्रमुख पाण्डेले जानकारी दिनुभयो । उपमहानगरकी खोप 'फोकल पर्सन' कल्पना भुसालका अनुसार बुटवलको आम्दा अस्पताल पनि खोप लगाउन सकिनेछ । बुटवल उपमहानगरले तयार पारेको तथ्याङ्कअनुसार खोप लगाउनुपर्ने किशोरीहरुको संख्या विद्यालयतर्फका नौ हजार ८१४ र विद्यालय बाहिरका १४७ जना रहेको छ।

बुटवलमा खोप अभियानअन्तर्गत स्वास्थ्य स्वयंसेविका, विद्यालय शिक्षिका तथा नर्स र अन्य स्वास्थ्यकर्मीसमेत गरी करिब ३०० जनालाई प्रशिक्षित गरी परिचालन गरिने उपमहानगरपालिकाले जनाएको छ ।प्रत्येक खोप केन्द्रमा एक स्वास्थ्यकर्मी, दुईजना स्वास्थ्य स्वयंसेविका, नर्स वा तालिमप्राप्त शिक्षिकाहरुलाई परिचालन गरिने छ । विद्यार्थीको संख्या बढी भएका विद्यालयको हकमा संख्या थप गरी खोप अभियानलाई सफल बनाइने 'फोकल पर्सन' भुसालले जानकारी दिनुभयो ।रासस

## ज्योतिष-मार्गदर्शन

प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : बौद्धिक क्षेत्रमा मान र सम्मान मिल्नेछ।
वृष : धार्मिक कार्यमा सहभागी हुने योग छ।
मिथुन : शरीरमा गर्मीका कारण लाग्ने रोगले सताउने छ।
कर्कट : प्राविधिक शिक्षाको लगानीबाट राम्रो फाइदा हुने दिन
सिंह : गला र कलाको प्रदर्शन गर्ने दिन छ।
कन्या : धार्मिक कार्यको माध्यमबाट राम्रो आम्दानी हुनेछ।
तुला : लामो समयदेखि रोकिएका काम सञ्चालन हुनेछन्।
वृश्चिक : बोल्दा सोचेर बोल्नुपर्ने दिन छ।
धनु : सामाजिक कार्यमा थालेको काम सफल बन्नेछ।
मकर : पूर्वको लामो यात्रामा नजानु राम्रो हुनेछ।
कुम्भ : सानो कुराले मनमा खटपटी बढ्नेछ।
मीन : धर्म र संस्कार बुझ्ने मौका मिल्नेछ।
राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# सिड्नीमा नेपाल झल्कने तस्बिर प्रदर्शनी

काठमाण्डु । अष्ट्रेलियाको सिड्नीमा नेपाल झल्कने तस्बिर प्रदर्शनी गरिएको छ । अष्ट्रेलिया नेपाल न्यूजको ११औँ वार्षिकोत्सवका अवसरमा मनघरी फाउन्डेसनले फोटोग्राफर भरतबन्धु थापाले खिच्नुभएको तस्बिर प्रदर्शनी गरेको हो ।

अष्ट्रेलियाका लागि नेपाली राजदूत चित्रलेखा यादवको प्रमुख आतिथ्यमा भएको प्रदर्शनीमा नेपालको सातै प्रदेश समेटिने २२ तस्बिर राखिएका थिए । सो अवसरमा राजदूत यादवले नेपालको विकासका लागि पर्यटन प्रवर्द्धनमा जोड दिन यस्तो तस्बिर प्रदर्शनीले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनुभयो । उहाँले विदेशमा रहेका सबैले नेपालको प्रवर्द्धनमा जोड दिनुपर्ने जनाउनुहुँदै विदेशमा रहेका नेपालीहरूलाई समय मिलाएर पटक-पटक सपरिवार नेपाल घुम्न पनि जोड दिनुभयो ।

न्यू साउथ वेल्स (एनएसडब्लु)का वाणिज्यदूत सञ्जीव शर्माले नेपालको विविधतापूर्ण परिदृश्य र सांस्कृतिक सम्पदा तथा नेपाली मुहारलाई जीवन्त रूपमा चित्रण गरेकामा फोटोग्राफर थापाप्रति आभार व्यक्त गर्नुभयो । उहाँले आफ्नो कार्यकालमा नेपालको पर्यटन प्रवर्द्धनमा विशेष जोड दिने बताउनुभयो ।सो अवसरमा राजदूत यादव र वाणिज्यदूत शर्मालाई फोटोग्राफर थापाले नेपाल झल्कने किताबसमेत प्रदान गर्नुभएको थियो ।रासस

# जलवायु परिवर्तनका कारण वन्यजन्तुको वासस्थानमा चुनौती



काठमाण्डु । सरोकार भएकाहरूले जलवायु परिवर्तनका कारण वन्यजन्तुको वासस्थानमा चुनौती थपिएको बताउनुभएको छ । राष्ट्रियसभा, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले राष्ट्रिय निकुञ्जहरूसँग सम्बन्धित नीतिगत समस्या सम्बन्धमा प्रदेश सरकारका वनसँग सम्बन्धित मन्त्रालयका प्रतिनिधिसँग मंगलबार गरेको छलफलमा उहाँहरूले यस्तो बताउनुभएको हो ।

छलफलमा पानीको मुहान सुक्ने, वन डडेलो जस्ता जलवायुजन्य घटनाका कारण वासस्थानमा समस्या देखिएको बताइएको थियो ।

सुदूरपश्चिम प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री लक्ष्मण किशोर चौधरीले वन र राष्ट्रिय निकुञ्जलाई नीतिगत रूपमा नियमन गर्न नसक्दा समस्या भइरहेको बताउनुभयो । उहाँले सङ्घ र प्रदेशको नियम बाझिएकाले पनि समस्या समाधान, प्रदेशको राजश्व र रोजगारी वृद्धिमा चुनौति रहेको बताउनुभयो । "वन नियम कडाइ गर्दा नागरिकले अनावश्यक रूपमा वनका मुद्दा खेप्नुपर्ने समस्या छ ।

प्रदेशको कार्यक्षेत्रमा निकुञ्ज नभएको हुँदा वन्यजन्तु संरक्षणका काम गर्न पाएका छैनौँ तर मानव वन्यजन्तु द्वन्द्वको गुनासो बढिरहेको छ । निकुञ्ज क्षेत्रमा रहेका हिंस्रक वन्यजन्तु नियन्त्रण गर्नुपर्ने आवश्यकता छ", मन्त्री चौधरीले भन्नुभयो ।

बागमती प्रदेश, वन तथा वातावरण मन्त्रालयका सचिव डा केदार बरालले पछिल्लो समय जलवायुजन्य समस्याबाट सिर्जित सङ्कटका कारण वन्यजन्तुको वासस्थान र आहारामा असर पुगेको बताउनुभयो । वन जङ्गलमा रहेको पानीका स्रोत सुक्दै जान थालेकाले वन्यजन्तुलाई खानेपानीको अभावमा बस्ती छिर्ने गरेको भन्दै उहाँले आहाराको कमीले २८ देखि ३० प्रतिशत वन्यजन्तु घरपालुवा वन्यजन्तुमा निर्भर हुनुपर्ने अवस्था आएको उल्लेख गर्नुभयो ।

सचिव बरालले राज्यले राष्ट्रिय निकुञ्ज तथा आरक्षमा रहेका वन्यजन्तुको मात्रै ख्याल गर्ने र अन्य वन क्षेत्रमा रहेका वन्यजन्तुलाई बेवास्था गर्ने अवस्था अन्त्य गरिनुपर्नेमा जोड दिनुभयो । समितिका सभापति मायाप्रसाद शर्माले छलफलमा उठेका विषयवस्तुलाई निकुञ्ज ऐनमा संशोधनको क्रममा समावेश गर्न सकिने बताउनुभयो । रासस

# आवश्यकताका आधारमा संविधान संशोधन गरिनुपर्छ –मायाप्रसाद शर्मा




काठमाण्डु । राष्ट्रियसभामा प्रतिनिधित्व गरेको पाँच वर्ष भयो । हामीले लामो सङ्घर्षबाट प्राप्त गरेको सङ्घीयता, धर्मनिरपेक्षता र समानुपातिक/समावेशीलगायत प्राप्त अधिकारलाई जनतासम्म पुर्याउने काम गर्दै आएका छौँ । संविधानमा उल्लेखित अधिकार कार्यान्वयनका लागि कानुन बनाउने काम राष्ट्रियसभाले गरिरहेको छ । तर संविधान बनेको करिब १० वर्षको अवधिलाई समीक्षा गर्दा संविधानले परिलक्षित गरेका धेरै कानुन अझै बन्न सकेका छैनन् । त्यसमा विभिन्न कारणले काम गरेको हुन्छ । हामी संसदीय प्रणालीमा छौँ । संसद्मा अङ्कगणितको जोडघटाउ चल्छ । यद्यपि, कानुन बनाउने सवालमा सबैभन्दा बढी समय दिएका छौँ । विशेषगरी हाम्रो आवश्यकतालाई योग्यतामा जोड्ने, योग्यतालाई रोजगारीमा जोड्ने, रोजगारीलाई बजारसँग जोड्ने र बजारलाई प्रतिफलमा जोड्नेतर्फ हामी जानुपर्छ ।

राष्ट्रियसभा प्रतिनिधिसभाभन्दा अलिक फरक छ । हामीले कुनै पनि विषयमा मसिनोसँग छलफल गर्छौँ । सहमति भएका विषयमा एकमतका साथ पारित गर्छौँ । हामीसँग समय पनि पर्याप्त हुन्छ । यहाँ दलको खिचातानी कम हुन्छ । तर दुःखको कुरा भन्नुपर्छ, हामीले पारित गरेर पठाएका विधेयक प्रतिनिधिसभामा गएर अड्किन्छन् । राष्ट्रियसभाले पारित गरेका सातवटा विधेयक प्रतिनिधिसभामा प्रवेशपछि शून्यमा परिणत भए । कतिपय विधेयक फेरि राष्ट्रियसभामै फर्किएका उदाहरण पनि छन् । छलफल, बहस र कारबाहीको हिसाबले राष्ट्रियसभा सफल छ । माथिल्लो सदन भए पनि सत्तापक्ष प्रतिपक्षको झल्को देखिन्छ । तर अलि बढी संयमित भएर, तार्किक छलफल गर्ने परिपाटी सभामा हुने गरेको छ । राष्ट्रियसभाअन्तर्गतका समितिहरू निरन्तर चलिरहेका छन् । सभाका मातहतका समिति कोरम नपुगेर स्थगित हुने गरेको छैन ।

राष्ट्रियसभाका क्रियाशील मुख्यतः चारवटा समितिमध्ये विधायन व्यवस्थापन समिति विधेयक निर्माणमा केन्द्रित छ । विकास, आर्थिक मामिला तथा सुशासन समितिले आर्थिक विकास एवं सुशासनको क्षेत्रमा तथा सङ्घीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समितिले राष्ट्रियताको संवर्द्धका विषयमा काम गर्दै आएको छ । पछिल्लो तीन वर्षयता म सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको सभापति रहेर काम गरिरहेको छु । मेरो समितिले मुख्यतः चारवटा विषयलाई हेर्छ । समितिले सार्वजनिक नीति, प्रत्यायोजित विधायन, सरकारी आश्वासनसम्बन्धी कार्य, राष्ट्रिय महत्वका दस्तावेज, अभिलेख व्यवस्थापन तथा ऐतिहासिक एवं पुरातात्विक सम्पदासम्बन्धी विषयलाई हेर्दै आएको छ । म सभापति भएदेखि पाँच वर्षको अवधिमा यो समितिमा कोरम नपुगेका कारण समितिको बैठक स्थगित गर्नुपरेको छैन । त्यसकारण फरकपनबाट संसदीय अभ्यास भइरहेको हुँदा राष्ट्रियसभाको गरिमा अझ बढेर गएको छ ।

संविधान लिखित दस्तावेज हो । संविधानलाई समय सान्दर्भिक पनि बनाउनुपर्छ । तर मुख्य कुरा सबैभन्दा पहिला संविधान निर्माण, कार्यान्वयन र संशोधनबारे गम्भीर समीक्षा हुनुपर्छ । संविधान बनेको करिब १० वर्ष भयो । पहिला यो १० वर्षको समीक्षा हुन जरुरी छ, संविधान कार्यान्वयन भएको छ/छैन ? कार्यान्वयन नहुनुका कारण पत्ता लगाउनुपर्छ । हामीले संविधानमा मुलुकलाई समाजवादतर्फ अग्रसर गराउने भनेका छौँ । राजनीतिक, सांस्कृतिक, सामाजिकसमेत रोजगारी सृजना, उद्योग कलकारखानाको स्थापना, विकास निर्माणजस्ता विषयमा संविधानमै कुनै बाधा व्यवधान भए त्यसलाई सम्बोधन गर्नेगरी संविधान संशोधन गर्नुपर्छ । तर कुनै सरकार, कुनै पार्टीको, पार्टीका दलका नेताका स्वार्थका लागि संविधान संशोधन गर्नु हुँदैन । संविधान संशोधनलाई सत्ताको भर्याङ बनाउनु हुँदैन । खासमा, संविधान संशोधन उत्पीडित समुदायको उत्थानतर्फ लक्षित हुनुपर्छ । तर, यस्ता विषय अहिले ओझेलमा परेका छन् । संविधान संशोधन केका लागि, किन गर्ने भन्ने विषयमा प्रष्ट हुनुपर्छ । म त भन्छु, शासकीय स्वरुपलाई फेरबदल गर्नका लागि संविधान संशोधन गर्नुपर्छ । देशमा राजनीतिक स्थायित्व र विकासका लागि राष्ट्रपति वा प्रधानमन्त्री प्रत्यक्ष निर्वाचित बनाउनका लागि संविधान संशोधन गर्नुपर्छ ।

अहिलेको निर्वाचन प्रणाली असाध्यै महँगो भयो । निर्वाचनमा उम्मेदवार हुन चाहनेहरूले दलको टिकट प्राप्त गर्न रकम बुझाउनुपर्ने खतरनाक परिस्थिति निर्माण हुँदैछ । जोसँग धन छ उसैले टिकट पाउने गरेको आमजनताले पनि महसुस गर्न थालेका छन् । धन हुनेले टिकट पाएपछि उसले चुनावमा पनि धेरै खर्च गर्ने नै भयो । यस्तो खर्चिलो, भड्किलो निर्वाचन प्रणालीलाई परिवर्तन गर्नुपर्छ । विडम्बना त के छभने, समानुपातिक निर्वाचनतर्फ पनि धनाढ्य र बाहुबलीहरू नै हाबी हुन थालेका छन् ।

हामीले रोजगारी सृजना गर्नका लागि शिक्षा, स्वास्थ्य, कृषिलगायत विषयमा आमूल परिवर्तन गर्नुपर्ने देखिन्छ । विकासको कुरा गर्दैगर्दा कतिलाई रोजगारी दिन सकियो भन्ने विषय मुख्य हो । अहिले पनि गाउँका धेरै युवा विदेश पलायन हुन थालेका छन् । गाउँ खाली भइरहेका छन् । गाउँमै रोजगारी सृजना गर्नेगरी विकासका अभियान सञ्चालन गर्नुपर्ने अवस्था छ । रासस

# सिड समितिमा नागरिक समाजको छायाँ प्रतिवेदन



काठमाण्डु । महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (सिड) समितिको बैठकमा नेपाली नागरिक समाजले छायाँ प्रतिवेदन पेस गरेको छ ।

स्वीट्जरल्यान्डको जेनेभामा आयोजना भइरहेको सिडको ९० औँ सत्रमा नागरिक समाजका तर्फबाट महिला, कानुन र विकास मञ्च (एफडब्लुएलडी) ले सोमबार बेलुकी प्रतिवेदन बुझाएको हो । मञ्चका कार्यकारी निर्देशक अधिवक्ता सविन श्रेष्ठले १६ वटै धारालाई समेटी एकीकृत तथा बृहत् छायाँ प्रतिवेदन बुझाइएको जानकारी दिनुभयो ।

नेपाल लैङ्गिक समानता र महिला सशक्तीकरणतर्फ अगाडि बढ्दै गएको अधिवक्ता श्रेष्ठले मौखिक प्रस्तुतीकरणमा बताउनुभयो । "अझै पनि प्रमुख क्षेत्रमा संस्थागत रूपमा महिलाविरूद्ध हुने भेदभाव विद्यमान नै छ । यसले अन्तरविभाजनको विषयलाई गम्भीर बनाउँदै लैजान्छ । साथै सीमान्तकृत समूहका महिलालाई बहुआयामिक भेदभावको शिकार बन्न सक्ने जोखिममा पुर्याउँछ," प्रतिवेदन पेस गर्दै उहाँले भन्नुभयो ।मुलुकी अपराध संहिता, २०७४ ले कानुनबमोजिम अधिकार प्रयोग गर्ने अधिकारीले गर्ने भेदभावपूर्ण व्यवहारलाई प्रतिबन्धित गरी यसलाई अपराधीकरण गर्दै सजायको व्यवस्था पनि गरेको प्रतिवेदनमा उल्लेख छ ।

तर व्यक्तिगत रूपमा र निजी क्षेत्रमा हुने सबै प्रकारको भेदभावलाई अपराधीकरण र सजायको व्यवस्था गर्न प्रभावकारी उपाय अपनाउनुपर्ने आवश्यकता रहेको अधिवक्ता श्रेष्ठले औँल्याउनुभयो ।

नेपालले ३५ वर्ष अगाडि सन् १९९१ मा सिड महासन्धि अनुमोदन गरेको थियो । अझै पनि राष्ट्रियता, पञ्जीकरण, रोजगारी, आप्रवासी कामदार तथा गतिशीलता, यौन तथा प्रजनन स्वास्थ्य, सम्पत्ति हस्तान्तरण, विवाह र पारिवारिक सम्बन्ध आदिका क्षेत्रमा भेदभावपूर्ण कानुन रहेको विषयलाई पनि नागरिक समाजले उल्लेख गरेको छ ।


महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र राष्ट्रिय महिला आयोगलाई विनियोजन हुने बजेट घट्दो दरमा छ । नेपालले पर्याप्तरूपमा मानवीय तथा वित्तीय स्रोत प्रदान गरी मन्त्रालय र आयोगलाई सुदृढ बनाउँदै लैजानुपर्ने नागरिक समाजको माग छ ।

'सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ ले गर्भपतनलाई पूर्ण रूपमा निरअपराधीकरण गर्न सकेको छैन र कानुनी शर्तभन्दा बाहिर गर्भपतन गर्ने महिला र किशोरीलाई अभियोजन गर्ने प्रावधानलाई निरन्तरता दिएको छ । यस ऐनले महिलाको जीवन जोखिममा हुँदा पनि २८ हप्ताभन्दा बढीको गर्भावस्था समाप्त गर्न बन्देज गरेको छ ।

नेपालले गर्भपतनलाई पूर्ण रूपमा निरअपराधीकरण गर्ने युपीआरको सिफारिस स्वीकार गरिसकेको अवस्था छ", नागरिक समाजले पेस गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

नेपालले विपद् र मानवीय सङ्कटको समयमा समेत यौन तथा प्रजनन स्वास्थ्य सेवालाई अत्यावश्यक सेवाको रूपमा सुनिश्चित गर्न आवश्यक रहेकामा पनि नेपाली नागरिक समाजले पेस गरेको प्रतिवेदनमा सुझाइएको छ । प्रतिवेदनमाथि बुधबार छलफल हुने जनाइएको छ ।रासस

# शेयर खरिद गर्न विद्युत् प्राधिकरणलाई स्वीकृति




काठमाण्डु । सरकारले नेपाल-भारत सीमादेखि भारतको मुजफ्फरपुरसम्म (भारतीय खण्ड)को प्रसारण लाइन निर्माणको लागि स्थापित क्रस बोर्डर पावर ट्रान्समिसन कम्पनीको बिक्रीमा रहेको 'आइएल एण्ड एफएस इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेड' को शेयर खरिद गर्न नेपाल विद्युत् प्राधिकरणलाई स्वीकृति दिएको छ ।

सरकारले 'आइएल एण्ड एफएस इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेड' को विद्युत् प्राधिकरणको हिस्सामा पर्ने २९ लाख ७३ हजार एक सय ६३ कित्ता संस्थापक शेयर खरिद गर्न प्राधिकरणलाई स्वीकृति दिने निर्णय गरेको हो ।

मन्त्रिपरिषद्को सोमबारको बैठकले उक्त निर्णय गरेको मंगलबार आयोजित पत्रकार सम्मेलनमा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरूङले जानकारी दिनुभयो । उहाँले विभिन्न मन्त्रालयअन्तर्गतका निर्णय जानकारी दिँदै काठमाडौँ उपत्यका मुकाम रहनेगरी काठमाडौँ, ललितपुर र भक्तपुर जिल्लाभित्रका सम्बन्धित मुद्दाको कारबाही तथा किनारा गर्ने क्षेत्राधिकारसहित उपभोक्ता अदालत गठन गर्ने निर्णय गरेको बताउनुभयो ।

उक्त बैठकले राष्ट्रिय निर्देशन ऐन, २०१८ को दफा ३ बमोजिमको कार्य गृहामन्त्रालयका सचिवबाट सम्पादन गर्ने गरी अधिकार प्रत्यायोजन गर्ने निर्णय समेत गरेको छ । सरकारले सैनामैना नगरपालिका रूपन्देहीलाई सैनामैना फोहर व्यवस्थापन केन्द्र निर्माणको लागि रूपन्देही जिल्लाको सैनामैना नगरपालिका-१० मा रहेको राष्ट्रिय वनको ३ दशमलव ५ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दि एको छ ।

बालसुधार गृह भक्तपुर, मोरङ, कास्की र बाँकेको सञ्चालन र व्यवस्थापनको तथा ज्येष्ठ नागरिक लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र न्यूनतम सुविधाविहीन बालबालिकाका लागि शैक्षिक कार्यक्रम (युसेप नेपाल) बीच भएको सम्झौताको अवधि २०८२ साल असार मसान्तसम्मको लागि थप गरिएको छ । मन्त्रिपरिषद्को बैठकले भेरी पम्पिङ उपआयोजना निर्माणको लागि सुर्खेतको वीरेन्द्रनगर नगरपालिका वडा नं ८, ११ र १२ तथा लेकबैंसी नगरपालिका वडा नं १० मा रहेको राष्ट्रिय वनको ३ दशमलव २ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिएको छ । विसं २०८१ माघ २९ देखि फागुन १ गतेसम्म संयुक्त अरब इमिरेट्सको दुबईमा आयोजना हुने 'विश्व सरकार शिखर सम्मेलन' मा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीलाई सहभागी हुन स्वीकृति प्रदान गरिएको छ ।

यस्तै सोही वर्षको फागुन ६ देखि ८ गतेसम्म मोरक्को माराकेश आयोजना हुने सडक सुरक्षासम्बन्धी चौथौ विश्वव्यापी मन्त्रीस्तरीय सम्मेलनमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाललाई सहभागी हुन स्वीकृति प्रदान गरिएको छ । यस्तै, आगामी २०८२ साल जेठ २, ३ र ४ गते जलवायु परिवर्तन, हिमाल र मानवताको भविष्य विषयमा काठमाडौँमा सगरमाथा संवाद आयोजना गर्ने निर्णय भएको छ ।

मन्त्रिपरिषद्को बैठकले वीरगञ्जको पोखरिया, कपिलवस्तुको बोडगाउँ र जुम्लाको नराकोट सिँजामा नयाँ मालपोत तथा नापी कार्यालयहरू स्थापना गर्न सङ्गठन संरचना र दरबन्दी तेरिज स्वीकृत गर्ने निर्णय गरेको छ ।रासस


## राजर्षिजनक विश्वविद्यालय

### केन्द्रीय परीक्षा सञ्चालन तथा अभिलेख केन्द्र

जनकपुरधाम, नेपाल

## प्रथम दीक्षान्त समारोह, २०८१ मा भाग लिन Offline वा Online आवेदन फारम भर्ने सम्बन्धी संशोधित सूचना

(वि.स. २०८१ साल चैत १५ गते सम्ममा सेमेष्टर परीक्षा प्रणाली अनुसार स्नातक तथा स्नातकोत्तर तह उत्तीर्ण गरी ट्रान्सकृप्ट लिएका विद्यार्थीहरु र सोही अवधि भित्र तह पूरा गर्नेहरुले मात्र फारम भर्न पाउने ।) राजर्षिजनक विश्वविद्यालय द्वारा आयोजना गरिने प्रथम दीक्षान्त समारोहमा भाग लिन माथि उल्लेख भए बमोजिमका तह उत्तीर्ण गरी ट्रान्सकृप्ट लिइसकेका इच्छुक विद्यार्थीहरुले रा.ज.वि केन्द्रीय परीक्षा सञ्चालन तथा अभिलेख केन्द्र, जनकपुरधाममा मिति २०८१ चैत १५ गते सम्म आइपुग्ने गरी निम्न अनुसार रित्त पुर्याई Offline/Online आवेदन दिनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

- आवेदन फारम मिति २०८१ साल माघ २२ गते देखि Offline/Online भर्न सकिन्छ ।
- रा.ज.वि. केन्द्रीय परीक्षा सञ्चालन तथा अभिलेख केन्द्रको website: convocation.rju.edu.np मा गई Online फारम भर्न सकिने छ ।
- २०८१ साल चैत १६ गते बाट सो Online फारम बन्द हुनेछ ।
- आवेदन फारम भर्दा आवेदन फारमका साथ एम.आर.पि. साइजको फोटो दुई प्रति, नागरिकताको प्रमाणपत्र र आफूले उत्तीर्ण गरेको ट्रान्सकृप्टको Scan Copy अनिवार्य रुपमा Upload (PDF Document) गर्नुपर्नेछ । Online आवेदन Submit गर्दा प्राप्त सम्पूर्ण PDF Document हरु Print गरी सुरक्षित राख्नु पर्नेछ ।
- दीक्षान्त समारोह सम्बन्धी विस्तृत कार्यक्रमको सूचना प्रकाशित भए पश्चात गाउन, स्कार्फ आदि लिन आउँदा सो Document केन्द्रीय परीक्षा संचालन तथा अभिलेख केन्द्रको तोकिएको शाखामा पेश गरी कार्यालयको छाप लगाई सुरक्षित राख्नु पर्नेछ ।

**शुल्क विवरण:**

| तह | दीक्षान्त तथा प्रमाणपत्र शुल्क | गाउन/स्कार्फ धरौटी | जम्मा |
|---|---|---|---|
| स्नातक | २५००।- | १५००।- | ४०००।- |
| स्नातकोत्तर | ३०००।- | १५००।- | ४५००।- |

- दीक्षान्त समारोहमा दुई जना सम्म अभिभावक सरिक गराउन सकिनेछ । अभिभावक सरिक गराउने भएमा थप रु.३००।- (फिर्ता नहुने) प्रति अभिभावकका दरले शुल्क लाग्नेछ ।
- दीक्षान्त समारोह सम्बन्धी विस्तृत जानकारी केन्द्रीय परीक्षा संचालन तथा अभिलेख केन्द्रको website: convocation.rju.edu.np मा हेर्न सकिनेछ ।
- दीक्षान्त समारोह सम्बन्धी विस्तृत कार्यक्रम पछि प्रकाशित गरिनेछ ।

**द्रष्टव्य:**

दीक्षान्त समारोह सकिएको ७ (सात) दिन भित्र गाउन, स्कार्फ फिर्ता गर्नुपर्ने छ । धरौटी रकमबाट रु.३००।- गाउन, स्कार्फ आदिको Maintenance charge कट्टा गरिनेछ ।

दीक्षान्त समारोहको एक वर्ष भित्र आ-आफ्नो मूल प्रमाणपत्र लिई सक्नु पर्नेछ अन्यथा रा.ज.वि. नियमानुसार थप जरिवाना शुल्क लाग्नेछ ।


**बैंकको विवरण:**

बैंकको नामः राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय पिडारी चौक, जनकपुरधाम ।

खाताको नामः केन्द्रीय परीक्षा सञ्चालन तथा अभिलेख केन्द्र । (Kendriya. Par. Sa. Ta. Avi. Ken. Ra. Ja. Bi.)

खाता नं.: च.हि.न. १५२०१००००२७१९००१

नियन्त्रक



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# अभिभावकको मौनता किन ?

वसन्त पञ्चमी पर्व विद्याकी अधिष्ठात्री देवी सरस्वतीको पूजा आराधनासहित वसन्त श्रवण गरेर मनाइने मान्यता छ। निष्ठापूर्वक पूजा आराधना गर्नु पर्वप्रतिको आस्था हो। चन्द्रमाजस्तो गोरो वर्ण भएकी तथा हातमा वीणा र पुस्तक लिएकी विद्याकी देवी सरस्वतीलाई श्रद्धालुहरुले भारती , शारदा ,हंसवाहिनी , जगन्माता , वागेश्वरी , कौमारी , वरदायिनी, बुद्धिदात्री , ब्रह्मचारिणी , चन्द्रघण्टा र भुवनेश्वरीजस्ता नामले पुकारिने गरिन्छ। विदा र सिर्जनाकी देवी भएकाले विशेष गरी साहित्यकार , कलाकार , पत्रकार , शिक्षक , विद्यार्थी आ-आफ्ना कला साधनाका वस्तु कलम , कापी , कुची र वाद्ययन्त्रलाई सरस्वतीका रुपमा पूजा-आराधना गर्दछन्। सरस्वतीलाई तान्त्रिकहरुले तन्त्र सिद्धिकाका लागि तारादेवीका रुपमा मान्ने गरेका छन्। सूर्य उत्तरतिर लागी दिन लामो हुने र वसन्त ऋतु प्रारम्भ हुने विश्वासले गर्दा यसलाई वसन्त पञ्चमी भन्ने गरिएको भनाइ छ। ऋग्वेदमा वाग्देवीका नामले प्रसिद्धि पाएकी ब्रह्माकी अर्धांगनी ब्रह्मायणीको पूजा उपासनाले सबै प्रकारको ज्ञान, सिद्धि र सद्बुद्धि प्राप्त हुने उल्लेख छ। यसैकारणले सरस्वती पूजालाई ठूलो महत्व दिइन्छ। सरस्वतीको पूजा गरी विद्यारम्भ गरेमा सर्वसिद्धि प्राप्त हुने विश्वास पाइन्छ। वसन्त पञ्चमीका दिन विवाह ,व्रतवन्ध जस्ता कार्य गर्न साइत हेनुपर्देन मान्यता पनि छ। यस दिन बालबालिकालाई शिक्षारम्भ गराउने र नाक कान छेडन पनि मानिन्छ। सरस्वतीलाई चढाइएको सात गेडा अक्षता ग्रहण गरेमा विद्या र वुद्धि स्फूरण भइ विद्यादेवीबाट चेतनाको ज्योति पाइन्छ भन्ने विश्वाससमेत छ। विद्याको अर्थ हुन्छ- ज्ञान , विज्ञान , क्षिक्षा तथा तत्वज्ञानमाथि तर्क गर्नु। यसका साथै कुने पनि पदार्थमाथि सही वा गलत छुटेयाउने कलाको विकास गर्नु नै शिक्षा वा विद्या हो। बौद्धिक , शारीरिक , सामाजिक , आर्थिक , भोतिक , नैतिक आदि सम्पूर्ण पक्षको वा व्यक्तिको सर्वाङ्गीण विकास गराउनु नै शिक्षा हो। मुख्य रुपले यी भावभूमिमा विचारणीय पक्ष के छ भने शिक्षार्थी , शिक्षालय , शिक्षक , साधक र अन्यले सरस्वतीको पूजाको महत्वलाई जीवनपद्धतिमा आस्था वा अन्य किसिमले ग्रहण गरेका छौ , गरिहेका छौ ? सरस्वती पूजाका दिन चोक , बजार , शिक्षालय , सडक , गल्लीहरुमा शिक्षार्थीहरुद्वारा प्रदर्शन हुने वस्त्र , व्यवहार कस्तो चेतनाको द्योतक हो , त्यसभन्दा पनि सरस्वती पूजाका नाममा शिक्षालयहरुमा हुने गरेको गतिविधिले संस्कार ,सामाजिकता ,धार्मिक आस्था , सभ्यतामाथि नै चुनौती थपिदै गएको छ। अभिभावकको मौनता , शिक्षर्थी र शिक्षकको रम्यताले सरस्वती पूजा वस्त्र प्रदर्शन , अभद्र स.सस्कृतिको प्रस्तुति , अराजक गतिविधि गर्ने दिनका रुपमा परिणत भएको छ , यसप्रति सबै क्षेत्र सजग हुनुपर्ने देखिन्छ।

# आम्दानी सङ्कुचन हुँदा टेलिकम सेवाप्रदायकको पुँजीगत लगानी घट्दो

कमलकुमार बस्नेत

काठमाडौँ, २२ माघः टेलिकम सेवाप्रदायक कम्पनीको आम्दानीमा निरन्तरको सङ्कुचनको असर उनीहरुको पुँजीगत खर्चमा देखिएको छ। घट्दो आयसँगै पूर्वाधार निर्माणमा बजेट विनियोजन कम हुँदाको असर सेवा विस्तार तथा स्तरोन्नति तथा गुणस्तरीय सेवा प्रवाहलगायतमा देखिएको छ। साथै, कम्पनीहरुको भविष्यसमेत सुखद नदेखिएको जानकारहरु बताउँछन्।

कुनै समय कुल आम्दानीको झन्डै आधा रकम पूर्वाधार विकासमा खर्च गर्ने टेलिकम कम्पनीहरुले अहिले उक्त खर्चलाई १० प्रतिशतको हाराहारीमा सीमित गरेका छन्। ओभर द टप (ओटिटी) प्लेटफर्मलगायतका कारणले घट्दो आम्दानी, आवश्यक कानुनमा संशोधन नहुनु, चर्को नवीकरण शुल्क र सञ्चालनमा सहजीकरण नहुँदा टेलिकमले पूर्वाधारमा आवश्यक लगानी गर्न हिच्किचाइरहेको टेलिकम क्षेत्रका विज्ञहरुको बुझाइ छ।

तथ्याङ्क हेर्दा टेलिकम कम्पनीहरुले सन् २००८ देखि २०१६ सम्मको अवधिमा पुँजीगत खर्चमा जोड दिएको देखिन्छ। यस अवधिलाई पुँजीगत खर्चका हिसाबले 'हाइपर ग्रोथ' भन्न सकिने विज्ञ बताउँछन्। नेपाल दूरसञ्चार प्राधिकरणका पूर्वअध्यक्ष भेषराज कँडेल त्यो समय टेलिकम कम्पनीका लागि लगानीको समय थियो। पुँजीगत खर्चको अवस्था सन् २०१७ सम्म पनि राम्रै थियो। त्यसपछि भने आम्दानीसँगै आवश्यक पुँजीगत खर्च पनि घट्न थालेको उहाँको बुझाइ छ।

हाल सञ्चालनमा रहेको दुईवटा टेलिकम कम्पनीको आर्थिक वर्ष २०७३/७४ मा रु ९७ अर्ब ३० करोड थियो। आव २०७४/७५ मा आइपुग्दा एक दशमलव ४४ प्रतिशतले बढेर रु ९८ अर्ब ७१ करोड पुगेकामा त्यसयता आम्दानी निरन्तर ओरालो लागेको छ। नेपाल दूरसञ्चार प्राधिकणका अनुसार आव २०७४/७५ को तुलनामा आव २०७९/८० मा आइपुग्दा करिब २६ प्रतिशतले ओरालो लागेर रु ७३ अर्ब १४ करोडमा सीमित भएको छ।

### निरन्तरको लगानी

टेलिकम व्यवसाय अन्य क्षेत्रहरूको तुलनामा बढी पुँजीगत खर्च हुने क्षेत्रमा पर्छ। गुणस्तरीय सेवा प्रवाह, पूर्वाधार निर्माण, मर्मत तथा स्तरोन्नति, बिटिएस निर्माण, फाइबर अप्टिकल केबल, डाटा सेन्टर, स्पेक्ट्रम शुल्कमा निरन्तर ठूलो खर्च भइरहेको हुन्छ। टेलिकम सेवाका लागि रेडियो स्पेक्ट्रमबापत नेपास सरकारलाई शुल्क तिर्नुपर्ने हुन्छ, जुन निकै महङ्गो पर्छ। फोर जी र फाइभ जीलगायतका सेवा प्रवाहका लागि नयाँ स्पेक्ट्रम आवश्यक पर्छ। यसले पुँजीगत खर्च ह्वात्तै बढाउँछ।

प्राधिकरणका पूर्वअध्यक्ष कँडेल टेलिकम क्षेत्रमा पुँजीगत खर्चको माग निरन्तर हुने बताउनुहुन्छ। "टेलिकम क्षेत्रमा हुने प्रविधिको विकास, सेवा विस्तार तथा गुणस्तर सुधारको काम निरन्तर चलिरहने भएकाले यसमा लगानी पनि प्रत्येक वर्ष आवश्यक छ, थ्री जीबाट फोर जी र त्यसबाट फाइभ जी प्रविधि ल्याउँदा कम्पनीहरुले ठूलो लगानी ल्याउनुपर्ने हुन्छ तर आम्दानी नै नभएपछि सोही अनुसारको लगानी भने ल्याउन नसकिरहेको देखिन्छ", उहाँले भन्नुभयो।

उहाँका अनुसार फाइभ जीका सेवाका लागि फोर जीको तुलनामा कम्तीमा तीन गुणा बढी खर्च हुन्छ। "नेपाल टेलिकमले रु १९ अर्ब खर्चेर फोर जी सेवा विस्तार गरेको थियो, फाइभ जीको हकमा त्यो झन्डै रु ६० अर्ब पुग्नसक्छ", उहाँले भन्नुभयो, "फाइभ जी मात्रै होइन सेवा विस्तार र पूर्वाधार मर्मतसम्भारको खर्च धान्न अहिलेको आम्दानीले टेलिकम कम्पनीलाई समस्या हुन्छ।"

टेलिकम क्षेत्रमा पूर्वाधारको आयु औसत ५ देखि ७ वर्ष मात्रै हुने भएकाले पुँजीगत खर्च निरन्तर भइरहने उहाँको भनाइ छ। "यो यस्तो क्षेत्र हो, जहाँ पुँजीगत खर्च निरन्तर भइरहेको हुन्छ, एकपटक लगानी गरेर ढुक्क हुने अवस्था रहँदैन", पूर्वअध्यक्ष कँडेलले भन्नुहुन्छ, "सेवा विस्तार, नयाँ प्रविधिमा लगानी, स्पेट्रम, पूर्वाधार निर्माण तथा मर्मतसम्भारका लागि बर्सेनि ठूलो बजेट विनियोजन गर्नुपर्छ।"

दूरसञ्चारविज्ञ विशाल उपाध्याय टेलिकम क्षेत्रमा पुँजीगत खर्चको माग बढे पनि सो अनुसारको आम्दानी बढ्न नसकेको बताउनुहुन्छ। यो क्षेत्रमा अहिले पनि आम्दानीको १५ देखि २० प्रतिशत रकम पुँजीगत क्षेत्रमा गर्नुपर्ने अवस्था छ। जबकि उत्पादनमूलक क्षेत्रमा पाँचदेखि १० प्रतिशत, प्रविधि (हार्डवेयर तथा क्लाउड) मा पाँचदेखि १० प्रतिशत, रिटेल क्षेत्रमा दुईदेखि पाँच प्रतिशत र बैङ्किङ क्षेत्रमा आम्दानीको एकदेखि पाँच प्रतिशत मात्रै पुँजीगत खर्च गरे पुग्छ।

### अर्थतन्त्रमा असर

पुँजीगत खर्च कम हुँदाको प्रभाव मुलुकको कुल ग्रार्हस्थ उत्पादनमा पनि पर्छ। विश्व बैङ्कको एक अध्ययनले पनि इन्टरनेट लगानीमा हुने प्रत्येक १० प्रतिशतको वृद्धिले १.३ प्रतिशतको आर्थिक वृद्धि हुने देखाएको छ। आम जनसमुदायसम्म इन्टरनेट सेवा पुगेपछि यसको प्रभावबाट थप आर्थिक वृद्धि हुने उक्त फ्रेमवर्कमै उल्लेख छ। तर टेलिकम कम्पनीहरुको घट्दो पुँजीगत लगानीका कारण अपेक्षाकृत रुपमा इन्टरनेटको पहुँच विस्तार हुन नसक्ने देखिन्छ। तर लगानी नै घट्दो भएपछि त्यसले जिडिपीमा गर्न सक्ने योगदान बढ्न सक्ने देखिन्न। तथ्याङ्कअनुसार सन् २०१६ मा मुलुकको अर्थतन्त्रमा कूल तीन दशमलव नौ प्रतिशत टेलिकम क्षेत्रको योगदान रहेकामा सन् २०२३ मा आइपुग्दा एक दशमलव आठ प्रतिशतमा सीमित भएको छ। टेलिकम क्षेत्रको जिडिपीमा योगदान सन् २०१७ मा तीन दशमलव चार प्रतिशत, सन् २०१८ मा तीन प्रतिशत, सन् २०१९ मा दुई दशमलव सात प्रतिशत, सन् २०२० मा दुई दशमलव चार प्रतिशत, सन् २०२१ मा दुई दशमलव दुई र सन् २०२२ मा एक दशमलव नौ प्रतिशतमा सीमित भएको छ।

टेलिकम क्षेत्रको आम्दानी मात्रै होइन, यसबाट राज्यले पाउँदै आएको राजस्वमा पनि कमी आएको छ। आव २०७६/७७ मा नेपाल टेलिकम र एनसेलले समग्रमा रु ६७ अर्ब ४८ करोड राजस्व बुझाएकामा आव २०७९/८० मा आइपुग्दा रु २० अर्बले घटेर आएर रु ४७ अर्बमा सीमित भएको छ।

नेपाल दूरसञ्चार प्राधिकरणका पूर्ववरिष्ठ निर्देशक आनन्दराज खनाल तत्कालै कानुनमा संशोधन नगर्ने हो भने टेलिकम कम्पनीहरु सङ्कटमा पर्ने बताउनुहुन्छ। "टेलिकम कम्पनीहरुको आम्दानी निरन्तर घट्दो छ, यसको अर्थ उनीहरु सङ्कटमा पर्दैछन् भन्ने हो, खर्च बढिरहने तर आम्दानी कम हुँदै जाने हो भने यसले टेलिकम क्षेत्रलाई राम्रो गर्दैन", उहाँले भन्नुभयो, "सरकारले तत्कालै उनीहरुका समस्या सम्बोधन नगर्ने हो भने समस्या सृजना हुन्छ।"

खनाल कुनै एउटा टेलिकमले पुँजीगत खर्च गर्दाको फाइदा उक्त कम्पनीका लागि मात्रै नभई समाजका सबै वर्गलाई हुन्छ। जस्तै एउटा टेलिकमको टावर राख्दा मात्रै पनि घरधनीले मासिक रुपमा भाडा पाउँछन्, राज्यले कर पाउँछ, त्यसबाहेक आम नागरिकले टेलिफोन र इन्टरनेटको सेवा पाउँछन्। टेलिफोन र इन्टरनेटका माध्यमबाट हुने लाभ त छँदैछ। त्यसैले पूर्वाधारमा लगानी गर्नका लागि पनि कम्पनीहरुले पहिले कमाउनु जरुरी भएको उहाँको बुझाइ छ। पूर्वनिर्देशक खनाल अहिले बजारमा तेस्रो टेलिकम कम्पनीको सम्भावना भए पनि टेलिकम कम्पनीहरुको घट्दो आय र बढ्दो खर्चका कारण तत्काल नै नयाँ प्रतिस्पर्धी आउनेमा भने शङ्का रहेको बताउनुहुन्छ।


नेपाल टेलिकमका प्रबन्ध निर्देशक सङ्गीता पहाडीले नयाँ बन्न लागेको दूरसञ्चार ऐनको मस्यौदामा आफूहरूले यस प्रकारको समस्या समाधान हुने गरी सुझाव दिएको बताउनुहुन्छ। उहाँका अनुसार नयाँ ऐनमार्फत आवश्यक संशोधन नहुने हो भने टेलिकम कम्पनीहरु समस्यामा पर्छन्। "टेलिकम क्षेत्रले अहिले भोगिरहेका समस्या समाधानका लागि नयाँ ऐन निर्माण जरुरी छ, हामीले यसमा आवश्यक सुझाव पनि दिइसकेका छौँ, नयाँ ऐन निर्माणपछि अहिलेका अधिकांश समस्या समाधान हुनेछ भन्ने विश्वास छ", उहाँले भन्नुभयो।

टेलिकम सेवाप्रदायक एनसेलका अनुसार अहिले टेलिकम कम्पनीहरुको कुल आम्दानीको तुलनामा पुँजीगत खर्च बढी गर्नुपर्ने अवस्था छ। कुल आम्दानीको ४८ प्रतिशत राजस्व विभिन्न शीर्षकमा सरकारलाई बुझाउनुपर्छ। तेह्र प्रतिशत मूल्य अभिवृद्धि कर, १० प्रतिशत सेवा शुल्क र दुई प्रतिशत स्वामित्व कर गर्दा कुल २१ दशमलव २ प्रतिशत करमै जान्छ। बाँकी रकमबाट सञ्चालन खर्च, स्पेक्ट्रम शुल्क, रोयल्टी शुल्क र ग्रामीण दूरसञ्चार कोषमा बुझाउनुपर्ने चार प्रतिशत रकम कटौती गर्दा रकम ३८ प्रतिशत रकम बचत हुन्छ। त्यसबाट लागत कट्टा, वित्तीय खर्च, अनुमतिपत्र नवीकरण शुल्क र किस्ता ऋणको तिर्दा औसतमा आठ प्रतिशत मात्रै रकम बाँकी रहन्छ। त्यसमा पनि संस्थागत कर तिरेपछि पाँच प्रतिशत रकमलाई नाफा मान्न सकिन्छ।

"केही वर्षअघिसम्म पाँच प्रतिशत भए पनि रकममा ठूलो थियो, टेलिकम सेवा प्रदायकको आम्दानी नै करिब रु एक खर्ब थियो तर अहिले आम्दानी नै झन्डै २५ प्रतिशतले ओरालो लागिसकेको छभने आगामी वर्षमा अझ घट्ने अध्ययनले देखाएको छ", दूरसञ्चार विज्ञ उपाध्यायले भन्नुभयो। टेलिकम कम्युनिकेसन पनि खानेपानी, विद्युत्, फोहोर व्यवस्थापनलगायत जस्तै सार्वजनिक सेवा भएको उल्लेख गर्दै उहाँले मुद्रास्फीतिकै आधारमा शुल्क वृद्धि गर्न आवश्यक रहेको बताउनुहुन्छ। यद्यपि अन्य सेवामा जस्तो यस टेलिकम कम्पनीहरुले भने हालसम्म मुद्रास्फीतिकै आधारमा शुल्क वृद्धि पाएका छैनन्।

### वार्षिक छ अर्ब लगानी आवश्यक

टेलिकम क्षेत्रका विज्ञहरु टेलिकम क्षेत्रलाई यही अवस्थामा निरन्तर सञ्चालनका लागि वार्षिक रुपमा रु छ अर्बको पुँजीगत खर्च आवश्यक रहेको बताउँछन्। तर टेलिकम कम्पनीले आम्दानी र नाफा घट्न थालेपछि पुँजीगत खर्च पनि घटाउँदै लगेका छन्। पछिल्लो वर्षहरुमा भ्वाइसबाट आम्दानी घटिरको छभने डाटा सेवामा उत्साहजनक वृद्धि भएको पाइँदैन र सेवा प्रदायकहरुले आफ्ना सेवाका शुल्कहरु परिमार्जन गर्दै बढाउन पनि सकेका छैनन्। "आजका दिनमा सेवा सञ्चालन गरिराख्नका लागि मात्रै पनि वार्षिक रु छ अर्ब लगानी आवश्यक छ तर अहिले त्योभन्दा कम खर्च भइरहेको छ, यदि आम्दानी नबढ्ने हो भने टेलिकम क्षेत्रले सेवा विस्तार र गुणस्तर सुधारमा खर्च गर्न नसक्ने अवस्था रहन्छ", प्राधिकरणका पूर्वनिर्देशक खनाल भन्नुहुन्छ।रासस




# संरक्षणको अभावमा खण्डहर बन्दै भोजपुरको टक्सार बजार

युवराज विष्ट

औद्योगिक, व्यापारिक र सांस्कृतिक क्षेत्रको पहिचान बनाएको ऐतिहासिक टक्सार बजार यतिबेला संरक्षणको पर्खाइमा छ। यहाँ बनेका कलात्मक शैलीका घरहरु खण्डहर बनेसँगै यो स्थानको मौलिकता समेत मेटिँदै गएको छ। पञ्चायतकालदेखि बहुदलीय व्यवस्था आउँदासम्म लाखौँ मूल्यका धातुका सामग्री उत्पादन हुने र टक (डोली पैसा) छाप्ने टक्सार बजार केही वर्षयता सुनसान छ। यहाँ निर्माण भएका धातुका सामानहरु देश विदेशमा परिचित छन्। राणाकालीन समयमा नेपालभर आवश्यक पर्ने टक (डोली पैसा) छापिएको ऐतिहासिक बजार हो टक्सार।

भोजपुर सदरमुकाम नजिकै रहेको टक्सार कुनै समय व्यापारिक केन्द्रको रुपमा स्थापित बजार पनि हो। यस बजारको भू-भाग तत्कालीन खिकामाछा थुमअन्तर्गत रहेको यहाँका बुढापाकाहरुले बताउने गरेका छन्। १८७२ सालदेखि १८८७ सम्म यहाँ डोली पैसा बन्ने गरेको ऐतिहासिक तथ्य रहेको स्थानीयवासी किशोरकुमार ताम्राकारले बताउनुहुन्छ। यहाँ खानी अड्डा स्थापना गरेर तत्कालीन समयमा पाटनबाट ल्याइएका कालिगडले फलाम र तामाका डोली पैसा बनाउने गरेको उहाँले जानकारी दिनुभयो। अहिले पनि ती पैसाहरु पाउन सकिने उहाँको भनाइ छ।

यहाँ टकमारी गरी बनाइएका एक तोला र दुई तोला तौलका (टक डोली) पैसा राणाकालमा प्रचलित थियो। यहाँ टक काट्ने पहिलो कालिगड देवदत्त शाक्य रहेको ताम्राकारले जानकारी दिनुभयो। पाटनबाट टक्सार आएका नेवार जातिले आफ्नो भाषा, धर्म, संस्कार र संस्कृति यस स्थानमा भित्र्याएका थिए। "यो स्थान टक अर्थात् पैसा बनिने रुपमा चिनिन्छ," उहाँले भन्नुभयो, "अहिले पनि यहाँ बनेका टक पाउन सकिन्छ। त्यति मात्र हैन यो स्थान औद्योगिक क्षेत्रको रुपमा समेत परिचित थियो। यहाँका अधिकांश घरमा धातुका सामग्रीहरु निर्माण हुन्थ्यो। तर अहिले यो पेसा पनि लोप हुने अवस्थामा पुगेको छ भने बजार सुनसान बन्दै गएको अवस्था छ।"

तत्कालीन नेपाल सरकारले १८७२ सालदेखि भोजपुर, खोटाङ, उदयपुर, ओखलढुङ्गा, सोलुखुम्बु, सङ्खुवासभा, धनकुटा, तेह्रथुम, ताप्लेजुङ र इलामसहितका पूर्वी पहाडका जिल्लामा खनिज पदार्थ उत्खनन गर्न टक्सारमा खानी अड्डा स्थापना गरेको थियो। टक्सारमा टक छाप्ने पेसा शाक्य वंशले गर्दै आएको ताम्राकार बताउनुहुन्छ। पैसा काटेर बढी भएको धातु यहाँका कालिगडलाई दिएर धातुका सामग्री बनाउने कामको थालनी भएको उहाँको भनाइ छ।

त्यतिबेला यहाँका हरेक घरमा धातु उद्योग तथा धातुका सामग्री बिक्री हुने गर्दथ्यो। "यहाँ १८७२ सालमा खानी अड्डा स्थापना गरेर टकमारी गरेको देखिन्छ", उहाँले भन्नुभयो, "यहाँ पूर्वी क्षेत्रबाट खनिज पदार्थ सङ्कलन गरेर टकमारी गरेको पाइन्छ। टक काटेर बढी भएको धातुलाई यहाँका स्थानीयलाई दिएर धातुका सामग्री बनाउने कामको थालनी भएको देखिन्छ। विभिन्न सरकारी अड्डाहरु स्थापना भएपछि यहाँ बस्ती विस्तार भएको पाइन्छ।"

विसं २०१३ मा राजा महेन्द्रले टक्सारलाई औद्योगिक क्षेत्रका रुपमा घोषणा गरेको उहाँले जानकारी दिनुभयो। त्यो समयमा यहाँ दुईदेखि ३०० परिवारको बसोबास रहेको थियो। त्यतिबेला बजारमा मानिसहरुको चाप धेरै हुने गरेको स्थानीयवासीको भनाइ छ। २००७ सालपछि यहाँ रहेका सरकारी अड्डा भोजपुर बजारमा स्थानान्तरण गरिएसँगै टक काट्ने काम हटेपछि बजार पनि सुनसान बनेको यहाँका जानकारहरु बताउँछन्।

टक्सारमा बनेका हस्तकलाका सामग्री भूटान, चीनको तिब्बत, भारतको दार्जीलिङ, आसाम, सिलगढी र कोलकातासम्म निर्यात हुने गरेको थियो। यहाँ रहेका हस्तकलाका धातुका सामग्री बन्ने उद्योगहरु पनि बर्सेनि बन्द भइरहेका छन्। यहाँका कालिगडहरुले हातेउद्योगको सहायताले बनाएका काँसका थाल, करुवा, आख्तेरा, बोकुटालगायत सामग्री अहिले पनि देश-विदेशमा परिचित छन्। दशकौँ अघिसम्म दर्जनौँको सङ्ख्यामा रहेका धातु उद्योग अहिले पाँचवटामा समिति भएको स्थानीय कालिगड विमल शाक्यले बताउनुभयो। यी उद्योगहरुले बजारको मागलाई धान्न समस्या रहेको उहाँको भनाइ छ। यसलाई पुस्तान्तरण नगरिएमा पेसा नै सङ्कटमा पर्ने अवस्था रहेको उहाँले बताउनुभयो। यो पेसाप्रति मानिसको चासो हराउँदा पछिल्लो समयमा आएर टक्सारको मौलिकतासँगै ऐतिहासिक महत्व मेटिने अवस्था आएको उहाँको भनाइ छ। "टक्सार धार्मिक तथा ऐतिहासिक महत्व बोकेको बजार हो", उहाँले भन्नुभयो, "तर यो बजार सुनसान बन्दै गएको अवस्था छ। विगतमा



दर्जनौँको सङ्ख्यामा रहेका धातु उद्योग पाँचवटामा सीमित छन्। यहाँ उत्पादन भएका धातुका सामग्रीको धैरै माग हुन्छ तर हामीले बजारको मागलाई धान्न सकेका छैनौँ।"

एक समयमा 'सानो पाटन' को नामले समेत परिचित यो ठाउँमा रहेका कलात्मक घरहरु पनि भत्किँदै गएका छन्। यहाँको मौलिकता बोकेका धातु उद्योगहरु धमाधम बन्द भइरहेको स्थानीयवासी सुर्जबहादुर उदासले बताउनुभयो। बसाइँसराइका कारण टक्सारको अतिस्व मेटिँदै गएको उहाँको भनाइ छ।

कोइलालगायत कच्चा सामग्रीको अभावका कारण पनि धातु उद्योग सङ्कटमा परेको उहाँले बताउनुभयो। "टक्सार पूर्व क्षेत्रको एक ऐतिहासिक बजार हो", उहाँले भन्नुभयो, "तर यो बजारको ऐतिहासिकतासँगै मौलिकता पनि हराउँदै गएको छ।" मुख्य रुपमा बसाइँसराइका कारण यो बजार खण्डहर बन्दै गएको अवस्था छ। अधिकांश कलात्मक घर प्रायः खाली छन्भने कतिपय घरहरु भत्किसकेका छन्। यहाँका मानिसहरु घर छाडेर अन्यत्र बसोबास गर्दा कलात्मक रुपमा निर्माण गरिएका घरहरु जीर्ण भएर बजारको स्वरुप बिग्रँदै गएको उहाँको भनाइ छ। टक्सारका पम्परागत धातु उद्योग बन्द हुँदा भोजपुर जिल्लाकै चिनारी धमिलिँदै बन्दै गएको उदासले बताउनुभयो। घर अलपत्र छाडेर यहाँका मानिसहरु काठमाडौँ, धरान विराटनगरलगायत ठाउँमा बस्दै आएको उहाँको भनाइ छ। यहाँका करिब ५० देखि ६० प्रतिशत मानिसहरु घर छाडेर अन्यत्र बसाइँ गइसकेको उदासले बताउनुभयो। "टक्सार बजार देशकै पहिचान बोकेको ऐतिहासिक बजार हो," उदासले भन्नुभयो, "मिनी पाटन उपनामले चिनिएको यो बजार बसाइँसराइको कारण उजाड बनेको छ। कलात्मक शैलीमा निर्माण गरिएका मठमन्दिर पनि जीर्ण बनेका छन्। बजार सुनसान छ।"

राणाहरूले टक्सारबाट डोली पैसा चलाएको समयमा नै यहाँ मठमन्दिर, विहार, गुम्बा, चैत्य, धारा, पाटीपौवा र मूर्तिहरू बनाइएको स्थानीय बुढापाकाहरु बताउँछन्। तत्कालीन समयमा भोजपुरको धोद्लेखानीबाट तामा ल्याएर टकसँगै विभिन्न सामग्रीहरु निर्माण गरिन्थ्यो। इतिहास अनुसार १६औँ शताब्दीको अन्त्यतिर पाल्पाका सेन राजाको राज्यअन्तर्गत रहेको पाइन्छ। माझ किरातको खिकामाछामा टक काट्ने काम भएसँगै त्यति बेला यहाँ थुप्रै माल, अड्डा अदालतहरु पनि खोलिएको स्थानीय जानकारहरुको भनाइ छ।

अहिले आएर टक्सारवासी आफ्नो घरबार छाडेर अन्यत्र गएपछि बजार सुनसान बनेको स्थानीयवासी रोशन शाक्यले बताउनुभयो। पिता पुर्खाले गरी ल्याएको पेसाको निरन्तरतास्वरुप आफूले अहिले धातुका सामग्री बनाउने काम गरिरहेको उहाँको भनाइ छ। त्यो समयका यहाँ बसोबास गर्ने हुनेखाने वर्ग अन्यत्र गएपछि बजारको थप विकास तथा विस्तारमा बाधा पुगेको उहाँको भनाइ छ।

बसाइँ सरेर गएका मानिसहरुले आफ्नो घर बिक्री नगरी अलपत्र छाडिदिँदा बजारका त्यस्ता घरहरु जीर्ण बनेको भोजपुर नगरपालिका-१२ टक्सारका वडाध्यक्ष देवी कार्कीले बताउनुभयो। यहाँको ऐतिहासिकतालाई बचाई राख्न वडाका तर्फबाट आवश्यक काम गरिरहेको वडाध्यक्ष कार्कीको भनाइ छ। मुख्य रुपमा यहाँका धातुका सामग्री बनाउने पेसालाई संरक्षण गर्न आवश्यक रहेको उहाँले बताउनुभयो।

# ‘क्यान्सर निवारणका लागि सचेतना तथा रोकथाममा जोड दिनुपर्छ’



काठमाण्डु । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा रोशन पोखरेलले क्यान्सर निवारण गर्न सचेतना र रोकथामको पाटोमा बढी जोड दिनुपर्ने बताउनुभएको छ। स्वास्थ्य सेवा विभागअन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडिसिडी)ले आयोजना गरेको विश्व क्यान्सर दिवस, २०२५ को अवसरमा ‘पृथकतामा एकता : क्यान्सर भोगाइका कथाहरू’ भन्ने मूल नाराका साथ मंगलबार आयोजित अन्तरक्रियामा उहाँले क्यान्सर नै लाग्न नदिने बाटोमा अघि बढ्नुपर्ने बताउनुभयो ।

सचिव पोखरेलले भन्नुभयो, “निरोधात्मक पक्षमा बढी ध्यान दिनुपर्ने आवश्यकता छ । पहिचानपछि उपचार गर्ने राज्यको दायित्व त छ तर क्यान्सर लाग्नै नदिन काम गर्नुपर्ने देखिन्छ। क्यान्सर उपचारमा रिफरल मेकानिजमलाई व्यवहारिक र परिस्कृत बनाउनुपर्नेछ ।” उहाँले सचेतनाको पाटोमा तल्लो तहमा काम गर्ने र रिफरल मेकानिजमलाई राम्रो गरेर केन्द्रकृतभन्दा पनि प्रदेश स्तरसम्म लाने र आवश्यकताअनुसार केन्द्रमा ल्याउँदा क्यान्सर उपचारमा सहजता आउने बताउनुभयो ।

स्वास्थ्य सेवा विभागका महानिर्देशक डा विकास देवकोटाले क्यान्सरको प्रारम्भिक पहिचान र रोकथाममै बढी जोड दिनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, “प्रारम्भिक पहिचान गर्नसके पछि जटिलता थपिँदैन । सचेतना अभियान पनि सञ्चालन गर्नुपर्नेछ। रोग लाग्न नदिनमा बढी प्रयास गर्नुपर्ने देखिन्छ। रोकथाममा नै बढी जोड दिनुपर्ने देखिन्छ ।”


प्रा डा क्यान्सररोग विशेषज्ञ डा विवेक आचार्यले क्यान्सर सबैको चासो र सचेतनाको विषय बन्नुपर्ने बताउँदै जबसम्म क्यान्सरको उपचार समयमा हुँदैन तबसम्म यो प्राणघातक रोग नै मानिने बताउनुभयो। उहाँले भन्नुभयो, “प्रारम्भिक चरणमै रोग पत्ता लगाउन र उपचार गर्न सकियो निको पार्न सकिने रोग हो। नेपालमा स्तन क्यान्सर, पाठेघरको मुखको क्यान्सर, फोक्सो क्यान्सर बढी देखिएका छन् । पेटसम्बन्धी क्यान्सर बढिरहेको छ। रासस

# राष्ट्रपति पौडेलसँग बेलायती अधिराजकुमारको भेटवार्ता

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलसँग नेपाल भ्रमणमा रहनुभएका संयुक्त अधिराज्य बेलायतका अधिराजकुमार डुयक अफ एडिनब्रा एडवार्डले शिष्टाचार भेटवार्ता गर्नुभएको छ । राष्ट्रपति भवन शीतल निवासमा मंगलबार भएको शिष्टाचार भेटमा उहाँहरूबीच द्विपक्षीय आपसी हितका विविध विषयमा छलफल भएको राष्ट्रपतिको कार्यालयले जनाएको छ।

भेटमा राष्ट्रपति पौडेलले जलवायु परिवर्तन आजको विश्वको प्रमुख चिन्ताको विषय भएकाले यो समस्या समाधानका लागि सबै मिलेर काम गर्नुपर्ने बताउनुभएको थियो । “जलवायु परिवर्तन आज विश्वको प्रमुख चिन्ताको विषय बनेको छ, यसको प्रत्यक्ष मारमा परेको नेपालले विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूमा हिमाल संरक्षणको विषयलाई प्रमुखताका साथ आवाज उठाउँदै आएको छ”, राष्ट्रपति पौडेलको भनाइ उद्धृत गर्दै उहाँका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिनुभयो ।

यसै सन्दर्भमा नेपालले सगरमाथा संवादको थालनी गर्न लागेको राष्ट्रपति पौडेलले जानकारी दिनुभयो। उक्त मञ्चको पहिलो संस्करण आगामी १६ देखि १८ मेसम्म काठमाडौँमा ‘जलवायु परिवर्तन, हिमाल र मानवको भविष्य’ विषयमा आयोजना हुन गइरहेको उहाँको भनाइ थियो ।



राष्ट्रपति पौडेलले बेलायतका राजपरिवारका सदस्यहरूबाट विभिन्न समयमा हुँदैआएका नेपाल भ्रमणले दुई देशबीच रही आएको सुमधुर सम्बन्धलाई अझ मजबुत पार्न योगदान दिएको छ भन्नुभयो। साथै उहाँले महारानी एलिजाबेथ द्वितीय र राजकुमार फिलिपबाट सन् १९६० र १९८६ मा नेपालको राजकीय भ्रमण भएको स्मरण गर्नुभयो।

“नेपाल र बेलायतबीच सदियौँदेखि घनिष्ट सम्बन्ध रही आएको छ, महत्वपूर्ण विकास साझेदारसमेत रहेको बेलायतले नेपालको चौतर्फी विकासमा सहयोग पुऱ्याउँदै आएकोमा धन्यवाद व्यक्त गर्दछु”, राष्ट्रपति पौडेलले भन्नुभयो। उहाँले नेपाली नागरिक र आफ्नातर्फबाट राजा चार्ल्सको व्यक्तिगत सुख एवं सुस्वास्थ्यको कामना व्यक्त गर्नुभयो।

नेपाल भ्रमणका लागि बेलायतका अधिराजकुमार एडवार्ड धर्मपत्नी सोफीसहित आजै काठमाडौँ आउनुभएको हो। सो भेटमा बेलायतका अधिराजकुमारका धर्मपत्नी सोफी, नेपालका लागि बेलायती राजदूत रब फेन सहभागी हुनुहुन्थ्यो ।

त्यस अवसरमा अधिराजकुमार एडवार्डले नेपालमा जलवायु परिवर्तनले पारेको असर र त्यसको न्यूनीकरणमा नेपालले गरेका प्रयासबारे भ्रमणका क्रममा जानकारी हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले भ्रमणका क्रममा हिमालमा जलवायु परिवतर्नले पारेका असरबारे बुझ्न पाउने अपेक्षा व्यक्त गर्नुभयो ।

बेलायतको राजपरिवारका सदस्यबाट नेपाल आउने प्रयास भइरहेको र नेपाल आउँदा आफूलाई अत्यन्त खुसी लागेको बताउँदै अधिराजकुमारले नेपाल बेलायतबीच भविष्यमा सहयोगको आदानप्रदान गर्दा युवा र महिला सशक्तीकरणको विषय थप सान्दर्भिक हुने धारणा व्यक्त गर्नुभयो। उहाँले ब्रिटिस सेनामा नेपालले भर्तीको लागि दिएको स्वीकृतिका लागि आभार प्रकट गर्दै नेपाल बेलायतबीचको सुमधुर सम्बन्धमा ब्रिटिस गोर्खा सैनिकको सम्बन्ध कोसेढुङ्गा रहेको उल्लेख गर्नुभयो ।

**‘ब्रिटिस-गोर्खा’ द्विपक्षीय सम्बन्धको महत्वपूर्ण कडी**

सोही अवसरमा राष्ट्रपति पौडेलसमक्ष बेलायती सेनाको ‘गोर्खा-ब्रिगेडका’ प्रमुख मेजर-जनरल जेराल्ड स्ट्रिकल्याण्डले ‘ ब्रिगेड अफ गोर्खा’ को सन् २०२४ को वार्षिक प्रतिवेदन पेस गर्नुभयो ।

राष्ट्रपति पौडेलले सो प्रतिवेदन प्रस्तुत गरेकामा बेलायत सरकारप्रति आभार प्रकट गर्दै ‘ब्रिटिस-गोर्खा’ द्विपक्षीय सम्बन्धको महत्वपूर्ण कडी भएको बताउनुभयो । “ब्रिटिस-गोर्खा हाम्रो द्विपक्षीय सम्बन्धको महत्वपूर्ण कडी हो, जनस्तरको सम्बन्धलाई थप सुदृढ गर्न पनि यसले महत्वपूर्ण योगदान पुऱ्याएको छ”, राष्ट्रपति पौडेलले भन्नुभएको थियो ।

उहाँले पूर्वब्रिटिस गोर्खाका केही जायज गुनासा सम्बोधन गर्न गठन भएको ‘द्विपक्षीय संयन्त्र’ मा सकारात्मक छलफल भइरहेको विश्वास व्यक्त गर्नुभयो ।रासस

# एकताबद्ध भएर पार्टीलाई सुदृढ बनाउनुपर्नेमा सभापति देउवाको जोड



गण्डकी। नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले पार्टीका सबै तहका नेता तथा कार्यकतालाई एकताबद्ध भएर सङ्गठनलाई सुदृढ बनाउनुपर्नेमा जोड दिनुभएको छ।

नेपाली कांग्रेस केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानद्वारा पोखरामा आयोजित प्रशिक्षण शाखा प्रमुखको लागि सङ्गठन र समसामयिक सन्दर्भमा अभिमुखीकरण कार्यक्रमको मंगलबार उद्घाटन गर्दै उहाँले एकापसमा मनमुटाव नगरी एकताबद्ध भएर पार्टीलाई एकढिक्का बनाउनुपर्नेमा जोड दिनुभयो ।

पार्टी एकताबद्ध भएमा बहुमत हासिल गर्न सहज हुने बताउँदै उहाँले राजनीतिक अस्थिरतालाई दृष्टिगत गर्दै नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) बीच सहकार्य भएको स्पष्ट गर्नुभयो । नेकपा एमाले मुख्य प्रतिस्पर्धी भए पनि अविश्वास गर्नुपर्ने अवस्था नरहेको सभापति देउवाको कथन थियो ।

आफू र प्रधानमन्त्री केपी शर्मा ओलीसँगै जेलमा बसेको साथी भएको उल्लेख गर्दै उहाँले भन्नुभयो, “वास्तवमा भन्ने हो भने ओलीजी र मसँगै जेलमा बसेको साथी हौँ । धेरै कष्ट थियो, छुट्ने सम्भावना हुँदैनथ्यो। झापा काण्ड देखाएर जेलभित्रको पनि जेलमा राखियो । हामी मुख्य प्रतिस्पर्धी हौँ । तर पनि केपी ओलीबाट अविश्वास गर्नुपर्ने अवस्था छैन ।”मुलुकको विकासका प्रचुर रहेका भन्दै उहाँले यसको समग्र उन्नयनका लागि कांग्रेसले नेतृत्वदायी भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो ।

नेपाली कांग्रेस केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका प्रमुख एवं पार्टीका उपसभापति पूर्णबहादुर खड्काले पार्टीको केन्द्रदेखि तल्लो तहसम्म प्रशिक्षणका कार्यक्रमलाई प्रभावकारी रुपमा अघि बढाउने बताउनुभयो ।उहाँले नेता तथा कार्यकर्तामा निराशा नभई आशाको सञ्चार गर्दै एउटा सशक्त पार्टीका रुपमा स्थापित गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेपाली कांग्रेस कास्कीका सभापति किशोरदत्त बरालले पार्टीलाई उद्यमशीलतासँग जोड्नुपर्ने बताउनुभयो। बिपी चिन्तनलाई समयसापेक्ष बुझ्न र यसको व्यावहारिक प्रयोग आवश्यक रहेको उहाँको भनाइ थियो ।रासस

# टेलिकमले आफ्ना काम समीक्षा गरेर अगाडि बढ्नुपर्छ : मन्त्री गुरूङ

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरूङले नेपाल टेलिकम (नेपाल दूरसञ्चार कम्पनी लिमिटेड) ले आफ्ना कामको समीक्षा गरेर अगाडि बढ्नुपर्ने बताउनुभएको छ।

टेलिकमको २१औँ वार्षिकोत्सवको अवसरमा मंगलबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले टेलिकमको आम्दानी बर्सेनि घट्दै गएको र निजी क्षेत्रबाट सञ्चालित कम्पनी अगाडि आइरहेको सन्दर्भमा टेलिकमले गहिरो गरी समीक्षा गर्नुपर्ने बताउनुभयो ।

सरकारका प्रवक्ता समेत रहनुभएका मन्त्री गुरूङले भन्नुभयो, “सरकारी कम्पनीमध्ये टेलिकमप्रति हामीले गर्व गरिरहेका छौँ, तर प्रतिस्पर्धी बजारमा यही पाराले टेलिकम चल्दैन, यही बेलामा हामीले समीक्षा गर्न सकिएन भने पछि पछुतो हुनसक्छ।

” मन्त्री गुरूङले बढ्दो प्रविधिको प्रयोगलाई टेलिकमले अवलम्बन गर्दै सेवा विस्तार गरी निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्नुपर्ने उहाँको भनाइ छ। उहाँले जनताप्रति उत्तरदायी बनाउनका लागि टेलिकममा कम्तीमा २५ प्रतिशत शेयर जनताको हुनुपर्ने बताउनुभयो ।

“सुशासनसँग जोडिएको विषय इ-गभर्नेन्स हो, त्यसको लागि फोर-जी गाउँ-गाउँमा पुग्नु पऱ्यो, त्यसो गरेको खण्डमा यो क्षेत्रको विकास धेरै हुन्छ”, मन्त्री गुरूङले भन्नुभयो । उहाँले अहिले पनि ग्रामीण स्थानमा टेलिकमको टावरको समस्या भइरहेको बताउँदै गुणस्तरीय र प्रभावकारी सेवामा ध्यान दिन टेलिकमका कर्मचारीलाई निर्देशन दिनुभयो ।



बढी जनसंख्या भएको मधेसका २२ वटा जिल्लामा अहिले पनि टेलिकमको उपस्थिति कमजोर रहेको जनाउँदै यो वर्ष मधेसमा पर्याप्त टेलिकमको पूर्वाधार विकास गरी अवरोधरहित सेवा-प्रवाह गर्न पनि मन्त्री गुरूङले निर्देशन दिनुभयो । उहाँले सामाजिक सञ्जाललाई व्यवस्थापन गर्नका लागि सरकारले ‘सामाजिक मिडिया प्रयोग र नियमन गर्ने विधेयक’ संसद्मा दर्ता गरेको बताउनुभयो ।रासस

# ‘सुशासन र प्रशासकीय क्षेत्रमा महत्त्वपूर्ण काम भएका छन्’

विराटनगर । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सुशासन र प्रशासकीय क्षेत्रमा सरकारले धेरै महत्त्वपूर्ण काम गरिरहेको बताउनुभएको छ। कोशी प्रदेशसभाको सातौँ वार्षिकोत्सव समारोहको मंगलबार उद्घाटन गर्दै उहाँले विगत वर्षभन्दा यस वर्ष भौतिक र वित्तीय क्षेत्रमा पनि प्रगति हासिल गरेको दाबी गवी गर्नुभयो ।

> मुख्यमन्त्री कार्की जग्गाको प्राप्तिसँगै आगामी आर्थिक वर्षमा प्रदेशका दिगो संरचनाको निर्माण कार्य सुरु हुने बताउँदै प्रदेश सरकारले योजना बैंकमार्फत योजना सङ्कलन गरी योजना छनोट गर्ने र विकासको कार्यलाई अगाडि बढाउने बताउनुभयो ।



अन्य प्रदेशको तुलनामा कोशी प्रदेश सरकारको प्रशासनिक खर्च कम भएको बताउँदै मुख्यमन्त्री कार्कीले केन्द्रीकृत सोचका कारणले प्रदेश संरचनाले उचाइ प्राप्त गर्न समस्या भइरहेको टिप्पणी गर्नुभयो। उहाँले प्रशासकीय, वित्तीय र राजनीतिक सङ्घीयताले मात्र प्रदेश संरचना बलियो हुने भन्दै सरकारले केही समयपछि प्रदेश राजस्व कार्यालय स्थापना गर्ने तयारी गरेको जानकारी दिनुभयो ।

लगानी सम्मेलन, पर्यटन वर्ष र चिया सम्मेलनको माध्यमबाट प्रदेशमा आर्थिक विकासको जग बसाल्न मद्दत मिल्ने विश्वास व्यक्त गर्दै उहाँले सङ्घीय सरकारले प्रदेशलाई अन्तःशुल्क वा मुख्य अभिवृद्धि करमध्ये कुनै दिएमा प्रदेश आर्थिक रूपले सबल हुने बताउनुभयो ।मुख्यमन्त्री कार्की जग्गाको प्राप्तिसँगै आगामी आर्थिक वर्षमा प्रदेशका दिगो संरचनाको निर्माण कार्य सुरू हुने बताउँदै प्रदेश सरकारले योजना बैंकमार्फत योजना सङ्कलन गरी योजना छनोट गर्ने र विकासको कार्यलाई अगाडि बढाउने बताउनुभयो ।

कोशी प्रदेशसभाका सभामुख अम्बरबहादुर विष्टले दक्ष जनशक्ति, अनुभवको अभावमा पनि प्रदेश धेरै कानुन बनेको बताउँदै कानुनजस्तो महत्त्वपूर्ण विषयमा अनुभव, विज्ञता र दक्षजनशक्तिको ठूलो भूमिका रहने कुरामा जोड दिनुभयो । उहाँले भन्नुभयो, “प्रदेश संरचनालाई संस्थागत विकास एवं सुदृढ गर्न पूर्वसांसदहरूको सुझाव ग्रहण गर्ने र प्रदेशसभाको नियमावलीमै समावेश हुनेगरी पूर्वसांसद मञ्च बनाइनेछ ।”

आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीले सरकार आफ्ना जिम्मेवारीप्रति गम्भीर छ भन्दै प्रदेशसभालाई बलियो बनाउन सदस्यहरूको भूमिका प्रभावकारी हुनुपर्छ भन्नुभयो । कोशी प्रदेशका पूर्वसभामुख प्रदीपकुमार भण्डारीले व्यवस्थापिकालाई सबैको स्वीकार्य बनाउन हरेक क्षेत्र वा वर्गको सहयोग हुनुपर्छ भन्नुभयो । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) संसदीय दलका नेता इन्दबहादुर आङ्बोले प्रदेश सरकारले जनताको चाहना, आकाङ्क्षा र निर्वाचनताका गरेको प्रतिबद्धताअनुसार काम गर्नुपर्ने सुझाव दिनुभयो ।

कार्यक्रममा उपसभामुख सिर्जना दनुवार, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) संसदीय दलका प्रमुख सचेतक विद्या चाम्लिङ, नेपाली कांग्रेस संसदीय दलका प्रमुख सचेतक गोपाल तामाङले पनि प्रदेशसभा स्थापनाको शुभकामना दिनुभएको थियो । प्रारम्भदेखि प्राविधि क्षेत्रमा कार्यरत कर्मचारी वीरेन्द्र चौधरीलाई रू एक हजार एक सय ११ राशिको पुरस्कारसहित सम्मानपत्र प्रदान गरिएको थियो ।रासस

# ‘संविधानको मर्मअनुसार जिम्मेवार भएर काम गरौँ’

गण्डकी। गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले संविधानको मर्मअनुसार जिम्मेवार भएर काम गर्नुपर्नेमा जोड दिनुभएको छ। गण्डकी प्रदेश स्थापना दिवसका अवसरमा मंगलबार गण्डकी प्रदेशसभा र गण्डकी प्रदेश सरकारद्वारा संयुक्त रूपमा आयोजित कार्यक्रममा उहाँले नेपालको संविधान, संवैधानिक कार्यसूची, प्रचलित कानुन, सङ्घीयताको मर्मअनुसार नागरिकसामु जिम्मेवार भई काम गर्नुपर्ने बताउनुभयो ।

“नागरिकसामु जिम्मेवार भई उहाँहरूका अपेक्षा तथा चाहना गण्डकी प्रदेशसभा र गण्डकी प्रदेश सरकारले आ-आफ्ना कार्यक्षेत्रबाट पूर्ण प्रतिबद्ध रही पूरा गर्न सक्नुपर्छ। त्यसका लागि यस अवसरमा शुभेच्छा प्रकट गर्दछु”, उहाँले भन्नुभयो । प्रदेश स्थापनाको औचित्य प्रमाणित गर्न सरोकारवाला निकायले थप कसरत गर्नुपर्ने भन्दै उहाँले संवैधानिक अधिकारबमोजिम प्राप्त जिम्मेवारी कार्यान्वयनमा सङ्घीय सरकार तथा स्थानीय तहसँग समन्वय गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेशसभा स्थापना दिवस र प्रदेश सरकार स्थापना दिवस फरक-फरक दिनमा मनाउने गरिएकोमा यस वर्षदेखि गण्डकी प्रदेश स्थापना दिवसको रूपमा आजको दिनलाई प्रदेशसभा र प्रदेश सरकारले सामूहिक मनाउने निर्णय गरिएको जानकारी दिनुभयो ।

संविधानले प्रदेश सरकारलाई सुव्यवस्था, विधि निर्माण र कार्यकारिणीसहित राजनीतिक, प्रशासनिक, वित्तीय हस्तान्तरण, सेवाप्रवाह, विकास एवं रोजगारीलगायत कार्यसूची नागरिकसामु वितरण गर्ने अभिभारा दिएको बताउँदै उहाँले लोकतन्त्र एवं सङ्घीय शासन प्रणालीअनुरूप व्यवस्थालाई सबलीकरणमार्फत सर्वसाधारणको जनजीवनमा सकारात्मक परिवर्तन ल्याउने मार्गमा गण्डकी प्रदेश सरकार दृढ सङ्कल्पित रहेको बताउनुभयो ।

विकास, नीति र सुशासनसहित जनविश्वास र भरोसालाई बढोत्तरी गर्दै नागरिकसामु देखिने, सुनिने र महसुस गर्नेगरी गण्डकी प्रदेश सरकारले आफूलाई स्थापित गर्ने मार्गमा अघि बढिरहेको मुख्यमन्त्रीको भनाइ छ ।गण्डकी प्रदेशसभाका सभामुख कृष्णप्रसाद धितालले प्रदेशको औचित्यलाई पुष्टि गर्नेगरी काम गर्नु आवश्यक रहेको बताउनुभयो । पूर्वमुख्यमन्त्री एवं नेकपा (एमाले) संसदीय दलका नेता खगराज अधिकारीले प्रदेश स्थापनायता महत्त्वपूर्ण कामहरू भइरहेको बताउँदै यसलाई बलियो बनाउनेतर्फ लाग्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

कार्यक्रममा नेकपा (माओवादी केन्द्र) संसदीय दलका नेता हरिबहादुर चुमान, पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य, प्रेस रजिष्ट्रार विमला भण्डारीलगायतले प्रदेशमा भइरहेका विकासका कार्यक्रमले जनतामा सकारात्मक सञ्चार प्रवाह भएको दावी गर्नुभयो ।

कार्यक्रममा प्रदेश स्थापना दिवसका अवसरमा आयोजित विभिन्न प्रतियोगिताका विजयीलाई पुरस्कृत गरिनुका साथै जातजातिका संस्कृति झल्काउने नृत्य प्रस्तुत गरिएको थियो ।रासस


## जनकपुरधाम उप–महानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### जनकपुरधाम, धनुषा
### मधेश प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/१०/२३**

यस कार्यालयबाट तपसिलका खरिद कार्यका लागि प्रकाशित सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना बमोजिम रित पुर्वक ई-बिडिंगबाट प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरु मध्ये तपसिलको बोलपत्रदाताको बोलपत्र न्युनतम मूल्यांकन सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. न. | योजना को नाम | ठेक्का न. | न्युनतम मुल्यांकित बोलपत्रदाताको नाम र ठेगाना | भ्याट बाहेक कबोल रकम रु |
|---|---|---|---|---|
| 1 | Procurement of Cricket Pitch Electric Roller (1.5 TON Capacity) | SQ/01-2081/82 GoodsJSMC | Ayush And Aakarshan Enterprises, Kathmandu | 12,08,700 |

**प्रमुख प्रशासकीय अधिकृत**

# चीनले अमेरिकाविरुद्ध प्रतिशोधात्मक भन्सार दर लगायो

एएफपी

बेइजिङ । चीनले मङ्गलबार चिनियाँ सामानमा लगाएको १० प्रतिशत भन्सार दरको प्रतिशोधमा संयुक्त राज्य अमेरिकाबाट आयात हुने कोइला र तरलीकृत प्राकृतिक ग्यासमा १५ प्रतिशत भन्सार दर लगाउने बताएको छ। बेइजिङको वित्त मन्त्रालयले संयुक्त राज्य अमेरिकाबाट कच्चा तेल, कृषि मेसिनरी, ठूला विस्थापन सवारी साधन र पिकअप ट्रकको आयातमा १० प्रतिशत भन्सार महसुल लगाउने पनि घोषणा गरेको छ।

बेइजिङका अनुसार नयाँ उपायहरू सप्ताहन्तमा वासिङ्टनले लगाएको 'एकतर्फी भन्सार दर वृद्धि' को प्रतिक्रियामा आएका हुन् ।अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिबार क्यानाडा र मेक्सिको लगायत प्रमुख व्यापार साझेदारहरू विरुद्ध व्यापक उपायहरूघोषणागर्नुभयो।चीनबाट आउने सामानहरूले उनीहरूले पहिले नै वहन गरेको भन्सार दरमाथि थप १० प्रतिशत भन्सार दर लगाइने छ।

गैरकानूनी आप्रवासी र फेन्टानिलसहितका लागुऔषधको संयुक्त राज्य अमेरिकामा प्रवाह रोक्न असफल भएका देशहरूलाई सजाय दिने उद्देश्यले यी कदमहरू चालिएको ट्रम्पले बताउनुभएको छ।

चीनले भनेको छ, "अमेरिकी कदमले विश्व व्यापार सङ्गठनका नियमहरूको गम्भीर उल्लङ्घन गर्दछ, आफ्नै समस्या समाधान गर्न केही गर्दैन र चीन र संयुक्त राज्य अमेरिकाबीचको सामान्य आर्थिक र व्यापारिक सहयोगमा बाधा पुऱ्याउँछ।"अर्को सोमबारदेखि लागु हुने बेइजिङको करको घोषणा ट्रम्पले आगामी २४ घन्टामा राष्ट्रपति सी जिनपिङसँग फोनमा कुरा गर्ने घोषणा गरेको केही समयपछि गरिएको हो।

**क्यानाडा, मेक्सिको सम्झौता**

मेक्सिकोका राष्ट्रपति क्लाउडिया सेनबाम र क्यानाडाका प्रधानमन्त्री जस्टिन ट्रुडो दुवैले यसअघि ट्रम्पसँग अन्तिम समयमा सम्झौता गरेर अमेरिकामा आप्रवासी र फेन्टानिलको प्रवेशविरुद्ध कडा सीमा उपायहरू गर्नुभएको थियो। यसबाट धम्की दिइएको भन्सार दरमा ३० दिनको विराम लागेको छ। एसियाली शेयर बजारहरू मङ्गलबार भन्सार दरमा विराम लागेको खबरले बढे भने वार्ताहरूले विश्वको दोस्रो ठूलो अर्थतन्त्र चीन विरुद्धको भन्सार दर कम गर्न सक्ने आशाले थप आशावादिता प्रदान गऱ्यो। तथापि चीनले आफ्ना उपायहरू घोषणा गरेपछि व्यापारीहरूले ती लाभहरूमध्ये केही घटाए।

क्यानाडा र मेक्सिकोबाट आयातमा २५ प्रतिशत भन्सार दर लगाउने ट्रम्पको धम्कीले विश्वव्यापी व्यापार युद्धको डर निम्त्याएपछि सोमबार विश्वव्यापी सेयर बजारमा गिरावट आएको थियो ।सिनबामसँग 'धेरै मैत्रीपूर्ण' वार्तापछि



मेक्सिकोमाथि लगाइएको भन्सार 'तुरुन्तै रोक्ने' र आफ्ना समकक्षीले अमेरिका-मेक्सिको सीमामा १० हजार सैनिक पठाउन सहमत भएको ट्रम्पले बताउनुभयो।

**व्यापार युद्ध होइन**

संयुक्त राज्य अमेरिका र क्यानाडाबीच तनाव बढेको देखिन्छ। तर ट्रुडोसँग दुई पटक फोन गरेपछि ट्रम्पले ट्रुथ सोसलमा 'प्रधानमन्त्री हामीसँग सुरक्षित उत्तरी सीमा सुनिश्चित गर्न र अन्ततः फेन्टानिल जस्ता लागुऔषधको घातक प्रकोप अन्त्य गर्न सहमत हुनुभएको छ' भन्नुभयो।

> क्यानाडा र मेक्सिकोबाट आयातमा २५ प्रतिशत भन्सार दर लगाउने ट्रम्पको धम्कीले विश्वव्यापी व्यापार युद्धको डर निम्त्याएपछि सोमबार विश्वव्यापी सेयर बजारमा गिरावट आएको थियो ।

ट्रुडोले सीमा सुरक्षित गर्न, लागुऔषध कार्टेलहरूलाई आतङ्ककारीका रूपमा सूचीबद्ध गर्न, 'फेन्टानिल जार' नियुक्त गर्न र मनी लन्ड्रिङविरुद्ध कारबाही गर्न क्यानाडाले लगभग १० हजार अग्रपङ्क्तिका अधिकारीहरू तैनाथ गर्ने बताउनुभयो।अधिकारीहरूले डिसेम्बरमा नै आठ हजार पाँच सय कर्मचारी तैनाथ गरिसकेको बताएकोहुनालेक्यानाडालीसीमामा परिवर्तनको वास्तविक सीमा स्पष्ट थिएन।क्यानाडा, चीन र मेक्सिको संयुक्त राज्य अमेरिकाका तीन सबैभन्दा ठूला व्यापारिक साझेदार हुन्।

ह्वाइट हाउसले पहिले नै सप्ताहन्तमा 'धेरै वार्ताहरू' भएको बताएको थियो ।यो व्यापार युद्ध होइन, यो लागुऔषधको युद्ध हो", राष्ट्रिय आर्थिक परिषद्का निर्देशक केभिन ह्यासेटले सिएनबिसीलाई भन्नुभयो, "क्यानडालीहरूले स्पष्ट भाषा बुझ्न नसकेको जस्तो देखिन्छ ।"यद्यपि अमेरिकी सरकारको तथ्याङ्कले क्यानाडा हुँदै न्यूनतम मात्रामा मात्र लागुऔषध प्रवेश गरेको देखाउँछ।

**५१औं राज्य ?**

ओटावाले भन्सार दरको कडा जवाफ दिने प्रतिज्ञा गरेको थियो।

क्यानडालीहरूले खेलकुद कार्यक्रमहरूमा अमेरिकी राष्ट्रिय गानको विरोध गरेका छन्, संयुक्त राज्य अमेरिकामा बिदा रद्द गरेका छन् र अमेरिकी उत्पादनहरू बहिष्कार गरेका छन् ।यसको सबैभन्दा धेरै जनसङ्ख्या भएको प्रान्त ओन्टारियोले सोमबार अमेरिकी कम्पनीहरूलाई सरकारी सम्झौतामा दशौं अर्ब डलरको सरकारी ठेक्कामा बोलपत्र हाल्न प्रतिबन्ध लगाएको थियो र ट्रम्पका सहयोगी एलन मस्कको स्टारलिङ्कसँगको सम्झौता खारेज गरेको थियो।

ट्रम्पले क्यानाडाको अस्तित्वलाई प्रश्नमा राखेर हालै दबाब बढाउनुभएको छ। सोमबार फेरि एकपटक यसलाई ५१औं अमेरिकी राज्य बनाउने वकालत गर्नुभयो ।ट्रम्पको भन्सार दर धम्कीमाथि क्यानाडाली सरकारमा राजनीतिक सङ्कटले ट्रुडोले राजीनामा दिने घोषणा गर्नुभयो। क्यानडालीहरूले अब अप्रिलको सुरुमा चुनावको सामना गर्नुपरेको छ ।यसैबीच ट्रम्पले कागजात विहीन आप्रवासीहरूमाथि व्यापक कारबाहीको प्रतिज्ञा गर्दै मेक्सिकोलाई संयुक्त राज्य अमेरिकासँगको सीमा सुरक्षित गर्न भारी दबाब दिनुभएको छ।

'भन्सार दर' शब्द 'शब्दकोषको सबैभन्दा सुन्दर शब्द' भएको बताउनुहुने अमेरिकी राष्ट्रपति ट्रम्पले आफ्नो दोस्रो कार्यकालमा पहिलो कार्यकालभन्दा पनि बढी भन्सार दर लगाउँदै हुनुहुन्छ।

उहाँले अधिकांश विशेषज्ञहरूले विपरीत भने पनि यसकोप्रभावअमेरिकीउपभोक्तामा नपर्ने र विदेशी निर्यातकर्ताहरूले नै बेहोर्ने जोड दिनुभएको छ ।यद्यपि ७८ वर्षीय अर्बपति राष्ट्रपतिले आइतबार आफ्नो फ्लोरिडा रिसोर्टबाट फर्किंदै अमेरिकीहरूले आर्थिक 'पीडा' महसुस गर्न सक्ने स्वीकार गर्नुभयो।

# नेपालको लगातार चौथो हार



काठमाण्डु । राजधानीमा जारी महिला त्रिकोणात्मक टि-२० सिरिजमा नेपालले लगातार चौथो हार बेहोरेको छ।

कीर्तिपुरस्थित टियु क्रिकेट मैदानमा मंगलबार भएको खेलमा नेपाल थाइल्याण्डसँग ५ रनले पराजित भएको हो। यस हारसँगै नेपाल उपाधि होडबाट बाहिरएको छ। जितसँगै थाइल्याण्डको भने उपाधि जित्ने सम्भावना बलियो बनेको छ।

थाइल्याण्डले दिएको एक सय सात रनको लक्ष्य पछ्याएको नेपालले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर एक सय एक रन मात्र बनायो। नेपालका लागि रूविना क्षेत्रीले सर्वाधिक २६ रन जोडिन् । उनले ३० बलमा ३ चौका र १ छक्काको सहयोगमा ३६ रन बनाएकी हुन् । यसैगरी कविता जोशीले २४ रन बनाइन भने रोमा थापाले १९ जोडिन्।

यता थाइल्याण्डका लागि थिपचा पुत्थावोंगले चार विकेट लिइन भने फतिन्ना मायाले दुई विकेट लिइन् । त्यसअघि टस जितेर पहिला ब्याटिङ रोजेको थाइल्याण्डले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर एक सय ६ रनको योगफल तयार गरेको थियो।

थाइल्याण्डका लागि चानिदा सुत्थीरूआंगले सर्वाधिक २७ रन जोडिन् । उनले २८ बलमा १ चौका प्रहार गरिन् । त्यस्तै थिपाथ्चा पुथावोङले अविजित २५ तथा नानपत कोन्चारोन्काइले १९ रन बनाइन् । अफिसारा सुवान्चोनरथीले १७ रन जोडिन्।

नेपालका लागि मनिषा उपाध्यायले तीन विकेट लिइन् भने पूजा महतो र रचना चौधरीले समान एक एक विकेट लिए । नेपाल पहिलो र तेस्रो खेलमा नेदरल्याण्ड्ससँग र दोस्रो खेलमा थाइल्याण्डसँग पराजित भएको थियो । पहिलो र तेस्रो खेलमा नेदरल्याण्ड्सलाई हराएको थाइल्याण्डले दोस्रो खेलमा नेपाललाई पराजित गरेको थियो ।रासस

## अर्जुन ट्रफी क्रिकेटः

# सिवाइसी अत्तरियाको दोस्रो जित

कैलाली। धनगढीमा जारी अर्जुन ट्रफी राष्ट्रिय क्रिकेट प्रतियोगितामा सिवाइसी अत्तरियाले लगातार दोस्रो जित हासिल गरेको छ।

गो ड्रिर्मसको आयोजनामा सञ्चालन भइरहेको प्रतियोगिताको तेस्रो दिनको दोस्रो खेलमा क्रिकेट एक्सिलेन्स सेन्टर काठमाडौंलाई ८६ रनको फराकिलो अन्तरले हराउँदै अत्तरियाले सेमिफाइनलको सम्भावना बलियो बनाएको हो।

अत्तरियालाई चार अङ्कसहित समूह 'ए' को शीर्षस्थानमा पुऱ्याउनका लागि विवेक यादवले अर्धशतकसहितको विवेकीय पारी खेले । दोस्रो खेलमा टस हारेर पहिले ब्याटिङ गरेको अत्तरियाले २० ओभरमा आठ विकेट क्षतिमा एक सय ४२ रन बनायो।



सुरुआती ब्याट्सम्यानहरू सस्तोमा पेलिभियन फर्किंदा चौथो विकेटका रूपमा मैदान छिरेका विवेक यादवले अर्धशतकीय पारी खेले। सोह्र रनमा क्याच आउट छुटेपछि पाएको जीवनदानलाई विवेकीय रूपमा खेल्दै ३५ बलमा ५३ रन बनाए। चार छक्का चार चौका प्रहार गरेका उनी अविजित रहे। एघार दशमलव एक ओभरमा छ विकेट क्षतिमा ५६ रनको स्थितिलाई सुधार गर्दै एक सय ४२ रनसम्म पुराए।

अत्तरियाका लागि कप्तान सन्तोष कार्कीले २३ रन बनाए । यस्तै सन्दीप क्षेत्रीले १६ रन र शङ्कर रानाले १४ रन बनाए। क्रिकेट एक्सिलेन्स सेन्टरका लागि युनिष ठकुरी र दीपेन्द्र रावतले दुई/दुई विकेट लिए। सूर्य तामाङ, नितेश यादव र विपिन आचार्यले एक/एक विकेट लिए।

एक सय ४३ रनको लक्ष्य लिएर मैदान उत्रिएको क्रिकेट एक्सिलेन्स सेन्टर काठमाडौंले १२ दशमलव दुई ओभरमा नौ विकेट क्षतिमा ५६ रन मात्रै बनायो। सिइसीका विपिन आचार्य ११ दशमलव दुई ओभरमा १३ बलमा ११ रन बनाएर चोट बोकेपछि रिटायर्ड हट हुँदा सिवाइसी अत्तरिया विजयी भएको हो।

सिइसीका लागि सोनु अन्सारीले सर्वाधिक १५ रन बनाए। अन्य ब्याट्सम्यानले दोहोरो रन अङ्क छुन सकेनन् । पाँच खेलाडी शून्यमा आउट भए। अत्तरियालाई सानदार जित दर्ता गराउने क्रममा कमल गुप्ताले पाँच विकेट लिए। उनी प्रतियोगितामा पाँच विकेट लिने पहिलो खेलाडी भएका छन्। तीन दशमलव दुई ओभर बलिङ गरेका उनले १० रन खर्चिए।

दिपेश कँडेलले दुई विकेट हात पार्दा साहव आलम र सुशील साउँदले एक/एक विकेट लिए। खेलमा पाँच विकेट लिएका सिवाइसीका कमल गुप्ता नवजीवन सहकारी संस्था प्लेयर अफ द म्याच भए। उनले नगद रु १० हजारसहित ट्रफी पाए।

स्वर्गीय अर्जुन खड्काको स्मृतिमा आयोजना गरिएको प्रतियोगिताको विजेताले नगद रु १० लाख र उपविजेताले नगद रु पाँच लाखसहित ट्रफी पाउनेछन् । प्रतियोगिताको सर्वोकृष्ट खेलाडीलाई नगद रु एक लाख प्रदान गरिनेछ।

उत्कृष्ट ब्याट्सम्यान, उत्कृष्ट बलर र उदयमान खेलाडीले जनही रु ५०/५० हजार पाउनेछन् । प्रत्येक खेलका म्यान अफ द म्याचलाई नगद रु १० हजार प्रदान गरिनेछ ।रासस

# जापानी प्रधानमन्त्रीले बिहीबारदेखि अमेरिकाको भ्रमण गर्ने

एएफपी

टोकियो। जापानका प्रधानमन्त्री शिगेरु इसिबाले यस हप्ता संयुक्त राज्य अमेरिकाको भ्रमणमा राष्ट्रपति डोनाल्ड ट्रम्पलाई भेट्नुहुने शीर्ष सरकारी प्रवक्ता योशिमासा हयासीले मङ्गलबार बताउनुभएको छ।

"यदि परिस्थितिले अनुमति दिए उहाँ फेब्रुअरी ६-८ (बिहीबारदेखि शनिबार) मा संयुक्त राज्य अमेरिकाको भ्रमण गर्नुहुनेछ र वासिङ्गटन डिसीमा राष्ट्रपति ट्रम्पसँग पहिलो पटक जापान-अमेरिका शिखर बैठक गर्नुहुनेछ", हायाशीले भन्नुभयो, "यस भ्रमणमार्फत हामी नयाँ अमेरिकी प्रशासनसँग महत्त्वलाई जोड दिनुभएको थियो ।यस क्षेत्रमा शक्तिको सन्तुलनमा ऐतिहासिक परिवर्तन आएको छ, हामीले जापान-अमेरिका सहयोगलाई ठोस रूपमा अझ गहिरो बनाउनुपर्छ", इसिबाले संसद्लाई भन्नुभयो, "शक्ति रिक्तताले क्षेत्रीय अस्थिरतातर्फ नडोऱ्याओस् भन्नका लागि यस क्षेत्रप्रति अमेरिकी प्रतिबद्धता सुनिश्चित गर्न जारी राख्नुपर्छ।"

उहाँको टिप्पणीले एसिया-प्यासिफिकमा चीनको सैन्य निर्माण र ट्रम्पको 'अमेरिका फर्स्ट' नीतिहरूमा तनावलाई जोड दिन्छ, जसमा जापान जस्ता सहयोगी राष्ट्रहरूलाई



विश्वासको बलियो सम्बन्ध निर्माण गर्न र अमेरिका-जापान गठबन्धनलाई नयाँ उचाइमा पुऱ्याउन चाहन्छौं।"निक्केई व्यापार दैनिकले इसिबाले ट्रम्पसँग अमेरिकी शेल ग्यासको आयात बढाउने विषयमा छलफल गर्न चाहेको जनाएको छ। यो राष्ट्रपतिको 'ड्रिल, बेबी, ड्रिल' को प्रतिज्ञासँग मेल खान्छ।

इसिबाले नोभेम्बरमा तत्कालीन राष्ट्रपति-निर्वाचित ट्रम्पसँग छोटो टेलिफोन वार्ता गर्नुभएको थियो र जनवरीमा उहाँको शपथग्रहण अघि नै भेट्ने असफल प्रयास गर्नुभएको बताइएको थियो ।यद्यपि ट्रम्पले डिसेम्बरमा जापानका हत्या गरिएका पूर्व प्रधानमन्त्री शिन्जो आबेकी विधवा आकिए आबेलाई फ्लोरिडास्थित आफ्नो निवासमा मेलानिया ट्रम्पसँग निजी डिनरको आयोजना गर्नुभएको थियो।

गत हप्ता इसिबाले क्षेत्रीय स्थिरताका लागि संयुक्त राज्य अमेरिकासँग घनिष्ठ सम्बन्धको रक्षा खर्चको ठूलो हिस्सा बेहोर्न लगाउने माग पर्न सक्छ ।जापान र संयुक्त राज्य अमेरिका प्रमुख रक्षा सहयोगी र एक अर्काका शीर्ष विदेशी लगानीकर्ता हुन्।

डिसेम्बरमा पनि इसिबा अघि जापानी प्रविधि लगानीकर्ता सफ्टब्यांकका प्रमुख मासायोशी सन ट्रम्पका साथमा संयुक्त राज्य अमेरिकामा एक खर्ब डलरको लगानी घोषणा गर्न उभिनुभएको थियो ।सनले ट्रम्पको शपथग्रहणमा पनि भाग लिनुभएको थियो। त्यसपछि सफ्टब्यांकले क्लाउड दिग्गज ओराकल र च्याटजिपिटी-निर्माता ओपनएआईसँग मिलेर संयुक्त राज्य अमेरिकामा एआई पूर्वाधार निर्माण गर्न पाँच खर्ब डलरको स्टारगेट परियोजनाको नेतृत्व गर्ने घोषणा गर्नुभयो।

त्यसपछि सोमबार साँझ सन र ओपनएआई प्रमुख साम अल्टम्यानले इसिबालाई भेट्नुभयो र 'स्टारगेटलाई जापानमा विस्तार गर्ने' बारेमा छलफल गरेको सनले पछि पत्रकारहरूलाई बताउनुभयो।

# ट्रम्पको निमन्त्रणामा मोदी अर्को हप्ता ह्वाइट हाउस जाने



एएनआई

वासिङ्टन। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको निमन्त्रणामा प्रधानमन्त्री नरेन्द्र मोदीले अर्को हप्ता ह्वाइट हाउसको भ्रमण गर्ने तयारी भएको ह्वाइट हाउसका एक अधिकारीलाई उद्धृत गर्दै रोयटर्सले जनाएको छ।

जनवरी २७ मा दुई नेताबीच हालैको टेलिफोन वार्ताको केही दिनपछि यो निमन्त्रणा आएको हो । टेलिफोन वार्तामा दुवै नेताले अमेरिका-भारत रणनीतिक साझेदारी र इन्डो-प्यासिफिक क्वाड साझेदारीलाई अगाडि बढाउन आफ्नो प्रतिबद्धतालाई जोड दिनुभएको थियो ।जनवरी २७ को कुराकानीमा ट्रम्पले आप्रवासनको बारेमा कुरा गर्नुभयो भने भारतले थप अमेरिकी-निर्मित सुरक्षा उपकरणहरू किन्ने र द्विपक्षीय व्यापारिक सम्बन्धको महत्त्वमा जोड दिनुभयो।

"दुई नेताले सहकार्य विस्तार र गहिरो बनाउने विषयमा छलफल गर्नुभएको छ, उहाँहरूले इन्डो-प्यासिफिक, मध्यपूर्व र युरोपको सुरक्षासहित विभिन्न क्षेत्रीय मुद्दामा पनि छलफल गर्नुभएको छ", वार्तापछि ह्वाइट हाउसको वक्तव्यमा भनिएको छ, "राष्ट्रपतिले भारतले अमेरिकी निर्मित सुरक्षा उपकरणको खरिद बढाउने र निष्पक्ष द्विपक्षीय व्यापारिक सम्बन्धतर्फ अघि बढ्ने महत्त्वलाई जोड दिनुभयो।"नेताहरूले प्रधानमन्त्री मोदीको ह्वाइट हाउस भ्रमणको योजना र इन्डो-प्यासिफिक क्वाड साझेदारीको बारेमा पनि छलफल गर्नुभयो । भारतले यस वर्ष पहिलो पटक क्वाड नेताहरूको आतिथ्यता गर्दैछ।

विशेष गरी दुई देशको महत्त्वपूर्ण व्यापार सम्बन्ध छ। द्विपक्षीय व्यापार सन् २०२३-२४ मा एक खर्ब १८ अर्ब अमेरिकी डलर नाघेको छ र भारतले ३२ अर्ब अमेरिकी डलरको व्यापार बचत हासिल गरेको छ। चीनको प्रतिरोध गर्ने प्रयासमा संयुक्त राज्य अमेरिकाको रणनीतिक साझेदार भारत अमेरिकासँग व्यापारिक सम्बन्ध बढाउन र आफ्ना नागरिकहरूलाई कुशल श्रमिक भिसा प्राप्त गर्न सहज बनाउन उत्सुक छ।

> नेताहरूले प्रधानमन्त्री मोदीको ह्वाइट हाउस भ्रमणको योजना र इन्डो-प्यासिफिक क्वाड साझेदारीको बारेमा पनि छलफल गर्नुभयो । भारतले यस वर्ष पहिलो पटक क्वाड नेताहरूको आतिथ्यता गर्दैछ ।

प्रधानमन्त्री मोदी ट्रम्पलाई पुनः निर्वाचित भएकोमा बधाई दिने पहिलो नेतामध्ये एक हुनुहुन्थ्यो । उहाँले संयुक्त राज्य अमेरिकाको राष्ट्रपतिका रूपमा पुनः निर्वाचित भएकोमा साथै कङ्ग्रेसको चुनावमा रिपब्लिकन पार्टीको सफलताका लागि बधाई दिँदै नोभेम्बर ६ मा उहाँसँग टेलिफोन कुराकानी पनि गर्नुभएको थियो।

प्रधानमन्त्री मोदी र ट्रम्पबीच न्यानो र मैत्रीपूर्ण सम्बन्ध छ। दुई नेताबीचको यो मैत्रीपूर्ण सम्बन्धले विभिन्न वैश्विक मुद्दाहरूमा भारत र अमेरिकाको एकजुटता देखाएको छ।

यो भ्रमण भारत फिर्ता पठाइने आप्रवासीहरू बोकेको एक अमेरिकी सैन्य विमान उडेको केही घन्टापछि आउँदैछ । यो ट्रम्प प्रशासन अन्तर्गत यस्ता उडानहरूको सबैभन्दा टाढाको गन्तव्य हो।

रोयटर्सका अनुसार अमेरिकी उत्पादनहरूमा भारतको उच्च शुल्कलाई उद्धृत गर्दै ट्रम्पले विगतमा धम्की दिएको शुल्कबाट बच्न पनि भारत उत्सुक छ।

# रक्षक सनिशलाई राष्ट्रिय फुटबल खेलाडी सम्मान

कास्की । सहारा क्लब पोखराद्वारा प्रदान गरिने यस वर्षको उत्कृष्ट राष्ट्रिय फुटबल खेलाडी सम्मान रक्षक सनिश श्रेष्ठले प्राप्त गर्ने भएका छन् । प्रतिभा छनोट समितिको सोमबारको बैठकले श्रेष्ठलाई उक्त सम्मान प्रदान गर्ने निर्णय गरेको हो।

क्लबका महासचिव रामजीप्रसाद अधिकारीले सनिशलाई नगद रू ५० हजार पाँच सय पाँच र सम्मानपत्र रहेको छ। तनहुँको पुर्कोटका सनिश विगत सात वर्षदेखि राष्ट्रिय टोलीमा रहेर फुटबल खेल्दै आएका छन्। नेपाली फुटबल क्षेत्रमा उत्कृष्ट योगदान दिएबापत क्लबले बर्सेनी



एक जना राष्ट्रियस्तरको फुटबल खेलाडीलाई पुरस्कृत गर्दै आएको छ। यसअघि भरत खवास, किरण चेम्जोङ, सुजल श्रेष्ठ, अभिषेक रिजाल, अञ्जन विष्ट, अनन्त तामाङ र आयुष घलान सम्मानित भइसक्नुभएको छ।

सहारा क्लब पोखराको आयोजनामा २४औं संस्करणको आहा रारा पोखरा गोल्डकप आजदेखि सुरु हुँदैछ। माघ २२ देखि फागुन ३ सम्म पोखरा रङ्गशालामा हुने सो प्रतियोगितामा १२ टिमले भाग लिँदैछन् । प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको क्लब अध्यक्ष केशवराज बरालले बताउनुभयो । उद्घाटन खेल आयोजक सहारा र नेपाल पुलिस क्लबबीचमा हुँदैछ । प्रतियोगिता उद्घाटन अवसरमा श्रेष्ठलाई उत्कृष्ट राष्ट्रिय फुटबल खेलाडी सम्मानद्वारा सम्मान गरिनेछ ।रासस

# अमेरिकी डलरको भाउ उकालो लाग्यो

काठमाण्डु । नेपाल राष्ट्र बैंकले मंगलबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ । राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिदर एक सय ३९ रूपैयाँ २० पैसा र बिक्रीदर एक सय ३९ रूपैयाँ ८० पैसा कायम भएको छ । अघिल्लो दिनको तुलनामा अमेरिकी डलरको मूल्य आज पुनः उकालो लागेको हो ।

युरोपियन युरो एकको खरिदर एक सय ४२ रूपैयाँ ५२ पैसा र बिक्रीदर एक सय ४३ रूपैयाँ १३ पैसा, युके पाउन्ड स्ट्रलिङ एकको खरिदर एक सय ७१ रूपैयाँ २६ पैसा र बिक्रीदर एक सय ७२ रूपैयाँ, स्वीस फ्र्याङ्क एकको खरिदर एक सय ५१ रूपैयाँ ७७ पैसा र बिक्रीदर एक सय ५२ रूपैयाँ ४३ पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिदर ८५ रूपैयाँ ४५ पैसा र बिक्रीदर ८६ रूपैयाँ ८२ पैसा, क्यानेडियन डलर एकको खरिदर ९४ रूपैयाँ ७२ पैसा र बिक्रीदर ९५ रूपैयाँ १२ पैसा, सिङ्गापुर डलर एकको खरिदर एक सय एक रूपैयाँ ७४ पैसा र बिक्रीदर एक सय दुई रूपैयाँ १८ पैसा निर्धारण गरिएको छ ।


जापानी येन १० को खरिदर नौ रूपैयाँ र बिक्रीदर नौ रूपैयाँ चार पैसा, चिनियाँ युआन एकको खरिदर १९ रूपैयाँ २० पैसा र बिक्रीदर १९ रूपैयाँ २८ पैसा, साउदी अरेबियन रियाल एकको खरिदर ३७ रूपैयाँ ११ पैसा र बिक्रीदर ३७ रूपैयाँ २७ पैसा, कतारी रियाल एकको खरिदर ३८ रूपैयाँ १८ पैसा र बिक्रीदर ३८ रूपैयाँ ३५ पैसा कायम भएको छ ।

केन्द्रीय बैंकका अनुसार थाई भाट एकको खरिदर चार रूपैयाँ नौ पैसा र बिक्रीदर चार रूपैयाँ ११ पैसा, युएई दिराम एकको खरिदर ३७ रूपैयाँ ९० पैसा र बिक्रीदर ३८ रूपैयाँ छ पैसा, मलेसियन रिङ्गेट एकको खरिदर ३१ रूपैयाँ ११ पैसा र बिक्रीदरट ३१ रूपैयाँ २४ पैसा, साउथ कोरियन वन एक सयको खरिदार नौ रूपैयाँ ४९ पैसा र बिक्रीदर नौ रूपैयाँ ५३ पैसा, स्वीडिस क्रोनर एकको खरिदर १२ रूपैयाँ ३९ पैसा र बिक्रीदर १२ रूपैयाँ ४५ पैसा र डेनिस क्रोनर एकको खरिदर १९ रूपैयाँ १० पैसा र बिक्री दर १९ रूपैयाँ १८ पैसा तोकिएको छ ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिदर १७ रूपैयाँ ८६ पैसा र बिक्रीदर १७ रूपैयाँ ९४ पैसा, कुवेती दिनार एकको खरिदर चार सय ५० रूपैयाँ ४६ पैसा र बिक्रीदर चार सय ५२ रूपैयाँ ४० पैसा, बहराइन दिनार एकको खरिदर तीन सय ६९ रूपैयाँ २२ पैसा र बिक्रीदर तीन सय ७० रूपैयाँ ८१ पैसा, ओमनी रियाल एकको खरिदर तीन सय ६१ रूयैयाँ ५७ पैसा र बिक्रीदर तीन सय ६३ रूपैयाँ १३ पैसा निर्धारण भएको छ । यस्तै, भारतीय रूपैयाँ एक सयको खरिदर एक सय ६० रूपैयाँ र बिक्रीदर एक सय ६० रूपैयाँ १५ पैसा तोकिएको छ ।

राष्ट्र बैंकले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ ।रासस

# घरेलु मदिरालाई औद्योगिकीकरण गर्न प्रवर्द्धनको काम थालियो



खोटाङ । हलेसी तुवाचुङ नगरपालिकाले स्थानीय रक्सी (घरेलु मदिरा)लाई औद्योगिकीकरण गर्ने गरी प्रवर्द्धनको काम सुरु गरेको छ । स्थानीय उत्पादनलाई प्रोत्साहन गर्दै आयातित पेयपदार्थको प्रयोगमा कमी ल्याउने लक्ष्यका साथ वैधानिक रुपमा घरेलु मदिरा उत्पादन गर्न नगरपालिकाले कार्यविधि बनाएर प्रवर्द्धनको काम सुरु गरेको हो ।

परापूर्वकालदेखि उत्पादन तथा प्रयोग हुँदै आएको स्थानीय मदिरालाई व्यावसायिकीरण गर्दै नगरवासी महिलाको आयआर्जनमा वृद्धि गराउने उद्देश्यले 'लोकल रक्सी औद्योगिकीकरण कार्यक्रम' अघि सारिएको नगरप्रमुख विमला राईले जानकारी दिनुभयो ।

"घरेलु मदिरा उत्पादनका लागि नगरभित्रका सहकारी, होमस्टे सञ्चालन गरिरहेका समूह, दर्ता भएका आमा समूह, महिला समूह वा अन्य समूहलाई मात्रै अनुमति प्रदान गरिएको छ, स्थानीय कच्चा पदार्थ कोदो प्रयोग गरेर उत्पादन गरिने घरेलु मदिरा स्वास्थ्यका लागिसमेत कम हानिकारक छ", उहाँले भन्नुभयो, "गुणस्तरयुक्त रक्सी उत्पादन, ब्रान्डिङ तथा बिक्री-वितरणका लागि नगरपालिकाले घरेलु मदिरा उत्पादन तथा उपयोग कार्यविधि बनाएर कार्यान्वयनमा ल्याएको हो, घरेलु मदिरा प्रवर्द्धन कार्यक्रमले नगरवासी महिलाको आयआर्जनमा वृद्धि गर्ने अपेक्षा गरिएको छ ।"

मदिरा उत्पादनलाई औद्योगिकीकरण गर्दै उत्पादित मदिरा उपयोगसम्बन्धी निर्माण गरिएको कार्यविधि नगरसभाबाट पारित गरेर पहिलो चरणका लागि नगरपालिकाले रु १० लाख बजेट विनियोजन गरेको छ । घरेलु मदिराको कच्चापदार्थ, भाँडा खरिद, 'बोटलिङ' तथा 'सप्लाइ'मा ८० प्रतिशतसम्म नगद अनुदान दिनेगरी पहिलो चरणमा रु १० लाख बजेट विनियोजन गरिएको नगरपालिकाले जनाएको छ ।

जिल्लाका दश स्थानीय तहमध्ये हलेसी तुवाचुङ मदिरालाई व्यवस्थित रुपमा उत्पादन तथा बिक्री-वितरणको काम सुरु गर्ने पहिलो स्थानीय सरकार बनेको छ । त्रिधार्मिकस्थल हलेसी आसपासमा सञ्चालन भइरहेका घरबास 'होमस्टे'मा खपत गर्ने उद्देश्यसहित नगरपालिकाले घरेलु मदिरा उत्पादन गर्ने र बिक्री-वितरण गर्नेगरी प्रवर्द्धन कार्यक्रम ल्याएको हो । नगरपालिकाले बनाएको कार्यविधिमा उत्पादकहरुले होमस्टेमा मात्रै आफूले उत्पादन गरेका मदिरा बेच्न पाउनेछन् । उत्पादित मदिरा होमस्टेबाट मात्रै बिक्री-वितरणको व्यवस्था हुने नगरपालिकाले जनाएको छ । होमस्टेबाट किनेर कोसेली वा बिहे, पास्नीजस्ता सांस्कृतिक कार्यमा प्रयोग गर्न सकिने कार्यविधिमा उल्लेख छ ।

कार्यविधिमा उल्लेख भएअनुसार एक व्यक्तिलाई मात्र मदिरा उत्पादन गर्ने इजाजत दिइने छैन ।

जिल्लाको पश्चिमी क्षेत्रमा पर्ने उक्त नगरपालिकाका जनजाति महिलाले परापूर्वकालदेखि घरेलु मदिरा उत्पादन गरेर घर खर्च जुटाउने गरेका छन् । नगरको घरेलु मदिरा उत्पादन तथा उपयोगसम्बन्धी कार्यक्रमले घरेलु मदिरा उत्पादन गर्दै जीविका चलाइरहेका महिला बढी लाभान्वित हुने देखिएको नगर प्रवक्ता एवम् वडा नं ७ महादेवस्थानका वडाध्यक्ष कमल गिरीले जानकारी दिनुभयो ।

घरेलु मदिरा उत्पादन तथा बिक्री-वितरणमा कानुनी झन्झट खेप्दै आएका जनजाति महिला नगरपालिकाले कार्यविधि नै पारित गरेर औद्योगिकीकरणको काम थालेपछि हर्षित भएका छन् ।

जिल्लाका अन्य स्थानीय तहका जनजाति महिलाले घरेलु मदिरा उत्पादन तथा बिक्री-वितरण गरिरहेका छन् । उनीहरुका लागि अहिलेसम्म अन्य स्थानीय तहले कार्यविधि निर्माण तथा प्रवर्द्धनको काम थालेका छैनन् । माझ किरात भनेर चिनिने खोटाङमा सांस्कृतिक कार्य (कुलपितृ, विवाह, मृत्यु, छेवर, पास्नी गुन्यूचोली आदि)मा समेत कोदोको रक्सी प्रयोग गर्ने गरिएको छ । स्थानीय कच्चापदार्थ कोदोबाट उत्पादन गरिने मदिरालाई प्रवर्द्धन गर्न सकेमा जिल्लाको आर्थिक आयस्तर वृद्धिमा समेत सघाउ पुग्ने आकलन गरिएको छ ।

दुई नगरपालिका र आठ गाउँपालिका रहेको जिल्लामा वार्षिक रु ६१ करोडभन्दा बढीको आयातित मदिरा खपत हुँदै आएको उद्योग वाणिज्य सङ्घका अध्यक्ष राजन आचार्यले जानकारी दिनुभयो । आयातित मदिरासँगै अन्य पेयपदार्थसमेत सोही अनुपातमा खपत हुँदै आएको छ ।

पछिल्लो समय आयातित पेयपदार्थ प्रयोगमा न्यूनीकरण गर्न जिल्लाका विभिन्न ठाउँमा बसोबास गर्ने स्थानीयले स्वतःस्फूर्तरुपमा प्रतिबन्ध लगाउने कार्य सुरु गरेका छन् । जिल्लाका कतिपय ठाउँका स्थानीयले आयातित पेयपदार्थ सेवन गरेको पाएमा जरिवाना गर्ने निर्णय गरेका छन् ।

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१० पाथेकामा आयातित पेयपदार्थ प्रतिबन्ध लगाउने निर्णय पहिलोपटक उल्लङ्घन गर्नेलाई रु पाँच हजार, दोस्रो पटक गर्नेलाई रु सात हजार र तेस्रो पटक पनि उल्लङ्घन गर्नेलाई रु १० हजारसम्म जरिवाना गर्ने गरिएको छ । आयातित पेयपदार्थले मानव स्वास्थ्यमा प्रतिकूल असर पर्नाका साथै फजुल खर्च भएको भन्दै स्थानीयले प्रतिबन्ध लगाउन थालेका हुन् ।रासस


## नेशनल एग्रो बचत तथा ऋण सहकारी संस्था लि.

**लक्ष्मीनियाँ गाउँपालिका – ०७, लक्ष्मीनियाँ बजार, धनुषा**

## ऋण चुक्ता गर्न आउने ७ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति :– २०८१/१०/२३**

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणी सदस्यहरुले व्यापारिक कर्जा शिर्षक अन्तर्गत कर्जा लिंदाको बखत तोकिएको भुक्तानी तालिका अनुसार तिर्नु बुझाउनु पर्ने साँवा र ब्याज रकम नतिरी नबुझाई संस्थालाई लेखि लेखाई दिएको ऋण सम्बन्धी शर्त बन्देज उल्लघन गर्नु भएकोले संस्थाले पटक -पटक लिखित तथा मौखिक रुपमा ताकेता गर्दा पनि आलटाल गरी शर्त बमोजिम संस्थालाई बुझाउनु पर्ने साँवा र ब्याज नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस संस्थाको कार्यालयमा आई भाखा नागेको ऋणको साँवा ब्याज र बिलम्ब शुल्क एकमुष्ठ चुक्ता गर्न गराउनु हुन् तपाई ऋणी सदस्यलाई यो सुचना प्रकाशित गरिएको छ ।

**ऋणीको नाम ठेगाना र जमानी सहितको ३ पुस्ते विवरण** :

| क्र.स | ऋणीहरुको ३ पुस्ते विवरण | | धनजमानी ( साक्षी ) को ३ पुस्ते विवरण | |
|---|---|---|---|---|
| १. | ऋणीको नाम :- **सरस्वती देवी यादव**<br>ना. प्र. नं. :- १७३०८६ / ४०७ - २०६३/११/१५<br>स्थायी ठेगाना :- लक्ष्मीपुर बगेवा -३ ( ल.ग.पा. - ६)<br>अस्थायी ठेगाना :- लक्ष्मीनियाँ गा.पा. - ६, ल. बगेवा<br>पतिको नाम :- नरेश यादव<br>बाजे / ससुराको नाम :- मिश्री यादव |  | साक्षीको नाम :- **नरेश यादव**<br>ना. प्र.नं. - २६७२२८४९ / २०५८-६-४<br>स्थायी ठेगाना :- लक्ष्मीपुर बगेवा - ०३<br>हालको ठेगाना :- लक्ष्मीनियाँ गा.पा. - ६, ल. बगेवा<br>बुवाको नाम :- मिश्री यादव<br>बाजेको नाम :- धनमा यादव | साक्षीको नाम :- **कविता कुमारी देवी**<br>ना. प्र. नं. :- १७-०१-७६-०८५०६ / २०७६-०५-२५<br>जन्म स्थान :- लक्ष्मीपुर बगेवा -३ ( ल.ग.पा. - ६)<br>हालको ठेगाना :- उ.म.न..पा.जनकपुर -१४, रजौल<br>पतिको नाम :- सिकेन्द्र यादव<br>बाजेको नाम :- मिश्री यादव |
| २. | ऋणीको नाम :- **पुनिता देवी राउत**<br>ना. प्र. नं. :- १७३०८६ / ६ - २०७०/०२/२६<br>स्थायी ठेगाना :- लक्ष्मीपुर बगेवा -३ ( ल.ग.पा. - ६)<br>हालको ठेगाना :- लक्ष्मीनियाँ गा.पा. - ६, ल. बगेवा<br>बाबु/पतिको नाम :- लालबाबु राउत<br>बाजे / ससुराको नाम :- शिवजी राउत |  | साक्षीको नाम :- **ममता कुमारी कथबनिया**<br>ना. प्र. नं. :- १७१००४/५२ - २०६३/११/१५<br>स्थायी ठेगाना :- लक्ष्मीपुर बगेवा -२<br>हालको ठेगाना :- लक्ष्मीनियाँ गा. पा. - ०६ , बगेवा<br>पतिको नाम :- उपेन्द्र दास कथबनिया<br>ससुराको नाम :- चन्देश्वर दास कथबनिया | साक्षीको नाम :- **पुजा राउत**<br>ना. प्र. नं. :- १७-०१-७५-१०६९४ / २०७५-०८-२०<br>स्थायी ठेगाना :- लक्ष्मीपुर बगेवा -३<br>हालको ठेगाना :- लक्ष्मीनियाँ गा.पा. - ६, बगेवा<br>बाबु/पतिको नाम :- विजय कुमार राउत<br>बाजे /ससुराको नाम :- बिन्देश्वर राउत कुर्मी |
| ३ | ऋणीको नाम :- **निरमल देवी मण्डल**<br>ना. प्र. नं. :- १७१०८६/१४९-२०६५/१२/२६<br>स्थायी ठेगाना :- लक्ष्मीपुर बगेवा -५<br>हालको ठेगाना :- लक्ष्मीनियाँ गा. पा. - ०७, बजार<br>पतिको नाम :- रिसु मण्डल खत्बे<br>ससुराको नाम :- गरभू मण्डल खत्बे |  | साक्षीको नाम :- **गुब्दी देवी मण्डल**<br>ना. प्र. नं. :- ५४२४२२६४ / २०४५-०१-२८<br>स्थायी ठेगाना :- लक्ष्मीपुर बगेवा -२<br>हालको ठेगाना :- लक्ष्मीनियाँ गा. पा. - ०६ , बगेवा<br>बाबु/पतिको नाम :- राम प्रसाद मण्डल खत्बे<br>बाजे / ससुराको नाम :- छक्कन मण्डल खत्बे | |
| ४ | ऋणीको नाम :- **सुदिप यादव**<br>ना. प्र. नं. :- १७-०१-७३-०८३६१/२०७३-०७-०५<br>स्थायी ठेगाना :- लक्ष्मीपुर बगेवा - ०२<br>हालको ठेगाना :- लक्ष्मीनियाँ गा. पा. - ०६<br>बुवाको नाम :- जिवछ यादव<br>बाजेको नाम :- लक्ष्मण यादव |  | साक्षीको नाम :- **ममता कुमारी कथबनिया**<br>ना. प्र. नं. :- १७१००४/५२ - २०६३/११/१५<br>स्थायी ठेगाना :- लक्ष्मीपुर बगेवा -३ ( ल.ग.पा.-६)<br>हालको ठेगाना :- लक्ष्मीनियाँ गा.पा.- ०६, ल.बगेवा<br>पतिको नाम :- उपेन्द्र दास कथबनिया<br>ससुराको नाम :- चन्देश्वर दास कथबनिया | साक्षीको नाम :- **गालो देवी यादव**<br>ना. प्र. नं. :- १७३०८६/२५१ - २०६३/११/१४<br>स्थायी ठेगाना :- लक्ष्मीपुर बगेवा -३<br>हालको ठेगाना :- लक्ष्मीनियाँ गा. पा. - ०६, ल. बगेवा<br>पतिको नाम :- जिवछ यादव<br>बाजे / ससुराको नाम :- लक्ष्मण यादव |
| ५ | ऋणीको नाम :- **विजय कुमार दास**<br>ना. प्र. नं. :- ०७७४२३६९/ २०५८-१२-०८<br>स्थायी ठेगाना :- बनिनिया - ५, भङ्गहा<br>हालको ठेगाना :- लक्ष्मीनियाँ गा. पा. - ५, भङ्गहा<br>बाबुको नाम :-जमुना दास तत्मा<br>बाजे / ससुराको नाम :- पंचा दास तत्मा |  | साक्षीको नाम :- **राम बलि यादव**<br>ना. प्र. नं. :- ०७७४२५२२ / २०६२-०१-२८<br>स्थायी ठेगाना :- बनिनिया ५, भङ्गहा<br>हालको ठेगाना :- लक्ष्मीनियाँ गा. पा. - ५, भङ्गहा<br>बाबु/पति/पत्नीको नाम :- किर्तन यादव<br>बाजे / ससुराको नाम :- | |
| ६ | ऋणीको नाम :- **संजिला खातुन**<br>ना. प्र. नं. :-१७-०१-७५-१२५५३ / २०७५-१०-०८<br>स्थायी ठेगाना :- सपही -०३, बनिगामा, धनुषा<br>हालको ठेगाना :- लक्ष्मीनियाँ गा.पा. -०३, बनिगामा<br>पतिको नाम :- रिजमानउल्ला मिया<br>बाजे / ससुराको नाम :- रैहमान मिया |  | साक्षीको नाम :- **रिजमानउल्ला मिया**<br>ना.प्र.नं. :- १७१०५१/१४५४ - २०७१/०३-०१<br>ठेगाना :- उमाप्रेमपुर -०४<br>हालको ठेगाना :- लक्ष्मीनियाँ गा.पा. -०३ बनिगामा<br>बुवाको नाम :- रहमान राईन<br>बाजेको नाम :- | साक्षीको नाम :- **प्रमिला देवी महतो**<br>ना.प्र.नं. :- ०७२८२५६० / २०५१-१०-१८<br>ठेगाना :- सपही -२, बनिगामा<br>हालको ठेगाना :- लक्ष्मीनियाँ गा.पा. - ०३, बनिगामा<br>पतिको नाम :- राम प्रसाद महतो<br>ससुराको नाम :- रौदी महतो नुनिया |
| ७ | ऋणीको नाम :- **पुनम देवी यादव**<br>ना. प्र. नं. :- १७३०९५/१५२ -<br>स्थायी ठेगाना :- सपही-०३, बनिगामा<br>हालको ठेगाना :- लक्ष्मीनियाँ गा.पा. -३, बनिगामा<br>पतिको नाम :- रामबाबु यादव<br>बाजे / ससुराको नाम :- दुखि यादव |  | साक्षीको नाम :- **संजिला खातुन**<br>ना.प्र.नं. :-१७-०१-७५-१२५५३/२०७५-१०-०८<br>स्थायी ठेगाना :- सपही -०३, बनिगामा, धनुषा<br>हालको ठेगाना :- लक्ष्मीनियाँ गा.पा. -०३, बनिगामा<br>पतिको नाम :- रिजमानउल्ला मिया<br>बाजे / ससुराको नाम :- रैहमान मिया | |
| ८ | ऋणीको नाम :- **ललिता देवी दास**<br>ना.प्र.नं. :- १७३०८६/६१९ - २०६३/११/१७<br>स्थायी ठेगाना :- लक्ष्मीपुर बगेवा -४<br>हालको ठेगाना :- लक्ष्मीनियाँ गा. पा. - ०६, ल. बगेवा<br>पति को नाम :- दिलिप दास तत्मा<br>ससुराको नाम :- निरगुन दास तत्मा |  | साक्षीको नाम :- **निरगुन दास तत्मा**<br>ना. प्र. नं. :- ५४२४०६३५ / २०५१-२-१८<br>स्थायी ठेगाना :- लक्ष्मीपुर बगेवा - ४<br>हालको ठेगाना :- लक्ष्मीनियाँ गा. पा.-०६, ल.बगेवा<br>बुवाको नाम :- जमिन दास तत्मा<br>बाजेको नाम :- ठकाई दास तत्मा | साक्षीको नाम :- **मंजु देवी दास**<br>ना. प्र. नं. :- १७३०८६/२६ - २०६३/११/१५<br>स्थायी ठेगाना :- लक्ष्मीपुर बगेवा -३<br>हालको ठेगाना :- लक्ष्मीनियाँ गा. पा. - ०६, ल. बगेवा<br>पतिको नाम :- राम पद्धार्थ दास<br>ससुरको नाम :- सहदेव दास तत्मा |
| ९ | ऋणीको नाम :- **सरिता कुमारी**<br>ना. प्र. नं. :- १७-०१-७७-१३३९२ / २०७७-११-२८<br>स्थायी ठेगाना :- बनिनिया-०४ (हाल:- बनिगामा-३)<br>हालको ठेगाना :- लक्ष्मीनियाँ गा.पा. -५, बनिनिया<br>बाबु/पतिको नाम :- जिवछ यादव / राम नरेश यादव<br>बाजे / ससुराको नाम :- राज किशोर यादव |  | साक्षीको नाम :- **अनिल कुमार यादव**<br>ना. प्र. नं. :- १७१०९५४२२ / २०६८-०८-२२<br>स्थायी ठेगाना :- सपही - ०१ , बनिगामा<br>हालको ठेगाना :- लक्ष्मीनियाँ गा.पा. -५, बनिगामा<br>बाबुको नाम :- सत्यदेव यादव<br>बाजे / ससुराको नाम :- राम चलितर यादव | साक्षीको नाम :- **घुर्नी देवी**<br>ना. प्र. नं. :- १८३००६/ ७७ - २०६३/१०/२५<br>स्थायी ठेगाना :- सपही- ०३, बनिगामा - ३<br>हालको ठेगाना :- लक्ष्मीनियाँ गा.पा. -३, बनिगामा<br>बाबु/पतिको नाम :- राजन महतो / कमेखिया महतो<br>बाजे / ससुराको नाम :- सिताराम महतो |

**ऋण उप - समिति**
**नेशनल एग्रो बचत तथा ऋण सहकारी संस्था लि.**
**लक्ष्मीनियाँ गा.पा. – ०७, लक्ष्मीनियाँ बजार, धनुषा**



## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८१/१०/२३ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय सिन्धुलीबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

| बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति/समय |
|---|---|
| २०८१/११/०८ गते/स्थान : शाखा कार्यालय सिन्धुली | २०८१/११/११ गते, आइतबार दिनको ३ बजे |

| क्र.सं. | ऋणीको नाम, ठेगाना | |
|---|---|---|
| १. | **नाम : भोला फेन्सी स्टोर्स**<br>प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, सिन्धुलीमाडी, सिन्धुली, नेपाल<br>प्रा.फ.र.नं. २५३०/०७४/०७५, दर्ता मिति : २०७४/०७/१७, पान नं. ६०७१०६४१५, दर्ता मिति : २०७४/०७/१७<br>ठेगाना : सिन्धुली जिल्ला, कमालामाई न.पा. वडा नं. ६, **प्रोप्राईटर : भोला साह** | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : भोला साह**<br>ना.प्र.नं. १९-०२-७३-०४०६९, जि.प्र.का. सर्लाही<br>जारी मिति २०७३/०९/०३<br>बाबुको नाम : राम करण साह<br>बाजेको नाम : राम कृपाल साह<br>ठेगाना : सार्लाही जिल्ला, लालवन्दी गा.वि.स. वडा नं. ५<br>हाल : सिन्धुली जिल्ला, कमालामाई न.पा. वडा नं. ६ | **२. नाम : राधे साह**<br>ना.प्र.नं. १९३०९५/६४, जि.प्र.का. सर्लाही<br>जारी मिति २०७०/०२/१२<br>बाबुको नाम : राम करण साह<br>बाजेको नाम : राम कृपाल साह<br>ठेगाना : सार्लाही जिल्ला, लालवन्दी गा.वि.स. वडा नं. १<br>हाल : सिन्धुली जिल्ला, कमालामाई न.पा. वडा नं. ६ |
| | **धितोको विवरण** | |
| | भोला साहको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेष्ता कायम रहेको सिन्धुली जिल्ला, महेन्द्रझ्याडी गा.वि.स. वडा नं. ३ ग स्थित कित्ता नं. ३४ को क्षेत्रफल ०-८-२-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |
| | **ऋणीको नाम, ठेगाना** | |
| २. | **नाम : मंगोलियन पशुपालन तथा कृषि फर्म**<br>प्रदेश सरकार, वागमती प्रदेश, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, सिन्धुली<br>प्रा.फ.र.नं. ५०४८/०७७/७८, दर्ता मिति : २०७७/०७/२४, पान नं. ६१४२४६०३८, दर्ता मिति : २०७७/०७/२८<br>ठेगाना : सिन्धुली जिल्ला, कमलामाई न.पा. वडा नं. ७, **प्रोप्राइटर : लिला बहादुर मगर** | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : लिला बहादुर मगर**<br>ना.प्र.नं. २०६६०, जि.प्र.का. सिन्धुली<br>जारी मिति : २०५८/०५/२६<br>बाबुको नाम : टंक बहादुर मगर<br>बाजेको नाम : मान बहादुर मगर<br>ठेगाना : सिन्धुली जिल्ला, भिमस्थान गा.वि.स. वडा नं. ७<br>हाल : सिन्धुली जिल्ला, कमलामाई न.पा. वडा नं. ७ | **२. नाम : पुनम थिङ्ग तामाङ**<br>ना.प्र.नं. ५९८७, जि.प्र.का. धादिङ्ग<br>जारी मिति : २०६२/११/०८<br>पतिको नाम : लिला बहादुर मगर<br>ससुराको नाम : टंक बहादुर मगर<br>ठेगाना : धादिङ्ग जिल्ला, गजुरी गा.वि.स. वडा नं. ७<br>हाल : सिन्धुली जिल्ला, कमलामाई न.पा. वडा नं. ७ |
| | **धितोको विवरण** | |
| | पुनम थिङ तामाङको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेष्ता कायम रहेको सिन्धुली जिल्ला, रानीचुरी गा.वि.स. वडा नं. ९ ख स्थित कित्ता नं. १३८ को क्षेत्रफल १-५-८-२ (बिघा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |
| | **ऋणीको नाम, ठेगाना** | **जमानतकर्ताको विवरण** |
| ३. | **नाम : बिना भुजेल**<br>ना.प्र.नं. २६९९७, जि.प्र.का. सिन्धुली<br>जारी मिति : २०६१/०२/२४<br>पतिको नाम : बिनोद भुजेल<br>ससुराको नाम : धन बहादुर भुजेल<br>ठेगाना : सिन्धुली जिल्ला, कमलामाई न.पा. वडा नं ४ | **नाम : सुजना भुजेल**<br>ना.प्र.नं. २०-०१-७६-०२७९३, जि.प्र.का. सिन्धुली<br>जारी मिति : २०७६/०३/१८<br>बाबुको नाम : बिनोद भुजेल<br>बाजेको नाम : धन बहादुर भुजेल<br>ठेगाना : सिन्धुली जिल्ला, कमलामाई न.पा. वडा नं. ४ |
| | **धितोको विवरण** | |
| | बिना भुजेलको नाममा मालपोत कार्यालय सिन्धुलीमा दर्ता श्रेष्ता कायम रहेको सिन्धुली जिल्ला, सिद्धेश्वर गा.वि.स. वडा नं. ५ ख स्थित कित्ता नं. १३६४ को क्षेत्रफल ०-२-१७-० (बिघा) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : सिन्धुली, फोन नं. ०४७-५२१०९३
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# इन्डो नेपाल टुरिज्म सम्मिट २०२५ सम्पन्न

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा इन्डो नेपाल टुरिज्म सम्मिट २०२५ सम्पन्न भएको छ ।

नेपाल-भारतबीच पर्यटन प्रवर्द्धनमा जोड दिने उद्देश्यका साथ भारतीय महावाणिज्य दूतावास वीरगञ्ज र पीएचडीसीसीआई इन्डिया नेपाल सेन्टरको आयोजनामा मंगलबार जनकपुरधाममा सो सम्मिट सम्पन्न भएको छ ।




सो कार्यक्रममा मुख्यमन्त्री सतीशकुमार सिंहले धार्मिक पर्यटन (रिलिजियस टुरिजम)मा प्रचुर सम्भावना रहेकोले नेपाल सरकारले पर्यटकहरुका लागि ठोस नियम कानुन बनाउन आवश्यक रहेको बताए । उनले भारतको महाकुम्भ र साउदीको मक्का मदिनका उदाहरण दिँदै पर्यटन क्षेत्रको विकास प्रभावकारी ढंगले गर्न सके देशको जीडिपीमा ठूलो मदत पुग्ने बताए ।

मुख्यमन्त्री सिंहले विदेशी पर्यटकहरुलाई दिनको १५० देखि २०० डलरसम्म खर्च गर्नुनै पर्ने गरि नियम कानुन सरकारले बनाउनुपर्नेमा जोड दिए । यसका साथै उनले स्थलमार्गबाट आउने भारतीय पर्यटकहरुलाई विशेष सुविधा उपलब्ध गराउनु पर्ने बताए । अहिले लाखौं नेपाली महाकुम्भमा स्नान गर्न भारत गएको जानकारी दिँदै भारतबाट पनि पर्यटक र श्रद्धालुलाई जनकपुरधाम आउनु पर्ने भनेर प्रचार प्रसार गर्नुपर्नेमा उनले जोड दिए ।

सो कार्यक्रममा भारतीय महावाणिज्यदुतावास, वीरगञ्जका महावाणिज्यदूत देवी सहाय मिनाले भारत नेपालबीचको पौराणिक र इतिहासिक सम्बन्ध रहेकोले दुबै देशमा पर्यटनको सम्भावना प्रचुर रहेको बताए । उनले भारत र नेपालमा पर्यटनको अपार सम्भावनालाई मध्येनजर गर्दै दुबै देशले मिलेर काम गर्नु आवश्यक रहेको बताए । दुबै देशको इतिहास र संस्कृति महत्वपूर्ण सम्पत्ति रहेको धारणा राख्दै उनले यसलाई अझ मजबुत बनाउन सके दुबै देशबीचको सम्बन्ध थप मजबुत हुनुका साथै आर्थिक रुपमा सबल बन्न सकिने बताए । उनले कार्यक्रममा विभिन्न क्षेत्रका व्यक्तिहरुले पर्यटन विकासका लागि राखेका आफ्ना अनुभव र विचारले सीमा क्षेत्रको पर्यटन विकासका साथै दुबै देशको पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गरे ।

सो कार्यक्रममा होटल व्यवसायी संघका पदाधिकारी, उद्योग वाणिज्य संघका पदाधिकारी, साहित्यकार, भाषाविद्लगायत पर्यटन प्रवर्द्धन तथा पर्यटन व्यवसायीहरुको उपस्थिति रहेको थियो ।

# जसपा नेपालको कार्यदलले थाल्यो अध्यादेशबारे छलफल

**टुडे समाचारदाता**



जनकपुरधाम । उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपालले गठन गरेको कार्यदलले अध्यादेशबारे छलफल सुरू गरेको छ ।

सरकारले माघ १८ मा संसदमा पेस गरेको अध्यादेशको पक्ष वा विपक्षमा उभिने भन्ने निर्णय गर्नुअघि जसपा नेपालले अध्यादेशका अन्तरवस्तुबारे सरोकारवाला पक्षहरूसँग छलफल गर्न कार्यदल गठन गरेको थियो ।

माघ २४ गते प्रतिनिधि सभा र राष्ट्रिय सभामा अध्यादेश निर्णयार्थ पेस गर्ने सरकारको तयारी छ ।

प्रतिनिधि सभामा सत्तारूढ नेपाली कांग्रेस र नेकपा (एमाले) को मात्रै पनि बहुमत भएकोले प्रतिनिधि सभाबाट अध्यादेश स्वीकृत हुने जनाइएको छ ।

तर राष्ट्रिय सभामा सत्तारूढ कांग्रेस-एमाले-लोसपाको मात्रै बहुमत पुग्दैन। ५९ सदस्यीय राष्ट्रिय सभामा बहुमतका लागि ३० जना सांसद चाहिन्छ। यहाँ सत्ता पक्षको २८ जना मात्रै सांसद छन् ।

यसका लागि जनता समाजवादी पार्टी नेपाल निर्णायक रहेको छ । राष्ट्रिय सभामा जसपा नेपालका ३ जना सांसद छन् ।

जसपा नेपालका अध्यक्ष यादवले पार्टीको सोमबारको बैठकले राजकिशोर यादवको अध्यक्षतामा कार्यदल बनाएको र सो कार्यदलले विज्ञहरूसँग छलफल गर्ने बताइएको छ ।

उनले भने, 'सबै कुरा राखेर दफावार छलफल गरेपछि अध्यादेशको पक्षमा जाने कि विपक्षमा जाने भन्ने निर्णय हुन्छ ।'

जसपा नेपालले सरकारले ल्याएको अध्यादेशको पक्षमा उभिने कि विपक्षमा उभिने भन्ने निर्णय बुधबारसम्म गर्ने जनाइएको छ ।

# जनकपुरधाममा अन्तर्राष्ट्रिय चलचित्र महोत्सव हुने




**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली चलचित्र क्षेत्रको अन्तर ाष्ट्रियकरण, बजार प्रवर्द्धन, सम्भावना र अवसरको खोजी गर्ने उद्देश्यले प्रथम जनकपुर अन्तर ाष्ट्रिय चलचित्र महोत्सव हुने भएको छ ।

संवाद फाउण्डेसनले चलचित्रकर्मी र सञ्चारकर्मीको उपस्थितिमा मंगलबार ललितपुरमा एक कार्यक्रम गरी आगामी फागुन १६ देखि १८ गतेसम्म प्रथम चलचित्र महोत्सव हुने जनाएको छ ।

सो कार्यक्रममा चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले महोत्सवले नेपाली र मिथिला चलचित्रलाई विश्वमा बजारीकरण गर्न महत्वपूर्ण माध्यम हुने विश्वास व्यक्त गरे । उनले भने, "जनकपुरले मिथिलाञ्चललाई प्रतिनिधित्व गर्छ, महोत्सवले यसलाई उजागर गर्नेछ । विश्वका एक सय ३७ भन्दा बढी देशले हाम्रो चलचित्रका बारेमा थाहा पाउनेछन् "

अध्यक्ष डिसीले पैसा कमाउने उद्देश्य राखेर महोत्सव गर्नु उचित होइन भन्दै यस्ता अन्तर्राष्ट्रिय चलचित्र महोत्सवलाई अरु क्षेत्रको बजेट काटौति गरेर पनि सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

राष्ट्रिय समाचार समिति (रासस) का कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले नेपाली सिनेमा निर्माणको प्रक्रिया बदलिनुपर्नेमा जोड दिए ।

त्यस्तै अभिनेतृ रेखा थापाले मिथिला सभ्यता, कला र महिलाको जननी भएको बताउँदै महोत्सवले त्यो महत्वलाई उजागर गर्ने बताइन् ।

निर्माता माधव वाग्लेले मिथिला सभ्यताको चित्र कोर्न धेरै महङ्गो हुने भएकाले आफूहरूलाई मिथिला क्षेत्रको कथा समेटेर चलचित्र निर्माणमा समस्या भइरहेको गुनासो गरे ।

चलचित्र निर्देशक सुवर्ण थापाले महोत्सवले हिमाल, पहाड र तराईलाई जोड्दै बालबालिका, युवा, महिलालगायतलाई समेट्नुपर्नेमा जोड दिए ।

जेआइएफएफ नेपाली चलचित्रको अन्तरराष्ट्रियकरण, युवा फिल्मकर्मीलाई उत्प्रेरित गर्ने र सांस्कृतिक विविधताको प्रवर्द्धन गर्ने अभिप्रायले महोत्सव आयोजना गर्न लागिएको संवाद फाउन्डेसनका प्रमुख कुमार भास्करले बताए । उनले नेपालमा फिल्मको महत्व बुझाउने, नेपाली चलचित्रलाई विश्वभर प्रस्तुत गर्ने, नेपाली युवालाई प्रेरणा र अवसर दिनेलगायत नेपाललाई अन्तर ाष्ट्रिय चलचित्र मञ्चमा स्थापित गर्ने अभियानमा आफूहरू रहेको बताए ।

एचपीभी अभियानः

# मुस्लिम समुदायका किशोरीलाई खोप लगाएर शुरु

**टुडे समाचारदाता**

वीरगञ्ज । महिलाको पाठेघरको मुखमा हुने क्यान्सरविरुद्धको एचपीभी खोप अभियान पर्साबाट शुरू भएको छ । मंगलबार वीरगञ्ज महानगरपालिका-१४ बहुअरीस्थित मदरसा तौहिदुल इस्लाम सलफिया माध्यमिक विद्यालयमा अध्यनरत मुस्लिम समुदायका बालिका र किशोरीहरूलाई एचपीभी खोप लगाएर खोप अभियानको शुरु गरिएको छ ।



स्वास्थ्य कार्यालय पर्साले मदरसामा आयोजना गरेको खोप अभियान शुभारम्भ कार्यक्रममा जिल्ला समन्वय समिति पर्साका प्रमुख अजय सर्राफ र पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले स्वास्थ्यकर्मीलाई खोप हस्तान्तरण गरेर खोप अभियान शुभारम्भ कार्यमक्रमको उद्घाटन गरिएको छ । सो अवसरमा स्वास्थ्य कार्यालय पर्साका प्रमुख डा. मुक्तिनारायण साह, वडाध्यक्ष महबुब इलाहीलगायतको उपस्थिति रहेको थियो ।

मंगलबारदेखि शुरु खोप अभियानअन्तर्गत पर्सा जिल्लामा ३८ हजार भन्दा बढी बालिका र किशोरीहरूलाई लगाउने लक्ष्य रहेको स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले जानकारी दिए ।

उनले माघ २२ देखि सुरू भइ फागुन ६ गतेसम्म सञ्चालन हुने एचपीभी खोप अभियान-२०८१ अन्तर्गत पर्सा जिल्लाका १४ वटै पालिकामा गरी ३८ हजार ५ सय ५७ जना बालिका र किशोरीलाई खोप लगाइने बताए ।

सो अभियानअन्तर्गत विद्यालयमा अध्ययनरत कक्षा ६ देखि कक्षा १० सम्ममा अध्ययनरत तथा विद्यालय नजाने १० देखि १४ वर्षसम्मका बालिका र किशोरीलाई एचपीभी खोप लगाइनेछ। पर्सामा एचपीभी खोप अभियान पर्सा दुई चरणमा सञ्चालन उनले बताए ।

ठाकुरले अभियानअन्तर्गत पहिलो चरणमा माघ २२ गतेदेखि वीरगन्ज महानगरपालिकाको वडा नम्बर १ देखि वडा नम्बर १६ सम्ममा,पर्सागढी र पोखरिया नगरपालिका,पटेर्वा सुगौली ,जिराभवानी,सखुवा प्रसौनी र जगरनाथपुर गाँउपालिकामा बालिका र किशोरीहरुलाई खोप लगाउन सुरू गरिएको छ। पहिलो चरणको अभियान माघ २८ गतेसम्म चल्ने बताए।

त्यस्तै माघ ३० देखि फागुन ६ गतेसम्म सञ्चालन गरिने दोस्रो चरणको अभियानमा वीरगन्ज महानगरपालिकाको वडा नम्बर १७ देखि वडा नम्बर ३२ सम्म, बहुदरमाईनगरपालिका, पकाहा मैनपुर, कालिकामाई, धोबिनी, बिन्दवासिनी, छिपहरमाई र ठोरी गाउँपालिकामा लक्षित उमेर समूहका बालिका र किशोरीहरूलाई खोप लगाइने ठाकुरले बताए ।

उनले जिल्लाका १४ पालिकामध्ये सबैभन्दा बढी वीरगन्ज महानगरपालिकामा १६ हजार ९ सय ४७ जना बालिका र किशोरीहरूलाई एचपीभी खोप लगाइने बताए ।

एचपीभी खोप अभियानअन्तर्गत जिल्लामा रहेका सबै सामुदायिक र संस्थागत विद्यालयमा खोप केन्द्र स्थापना गरिएको उनले बताए । अभियानको अन्तिम दिन फागुन ६ गते खोप लगाउन छुटेका बालिका र किशोरीहरूका लागि जिल्लाका हरेक वडामा रहेका स्वास्थ्य संस्थामा खोपकेन्द्र स्थापना गरेर एचपीभी खोप लगाइने ठाकुरले बताए ।

नेपालमा हरेक वर्ष पाठेघरको मुखको क्यान्सर औसतमा २ हजार १ सय ६९ जना महिलामा हुँदै आएकोमा तीमध्ये १ हजार ३ सय १३ जनाको मृत्यु हुने गरेको विश्व स्वास्थ्य संगठनका मधेश प्रदेश प्रतिनिधि डाक्टर सुरेश शुक्लाले बताए । पाठेघरको मुखको क्यान्सरबाट नेपालमा दैनिक औसतमा चार जना महिलाको मृत्यु हुने गरेको जानकारी पनि उनले गराए ।

शुक्लाले गत वर्ष वीरगञ्जको नारायणी अस्पतालमा सञ्चालन गरिएको खोप केन्द्रबाट १ हजार ६ सय ८० जना बालिका र किशोरीहरुले एचपीभी खोप लगाएका थिए ।

# जबर्जस्ती करणी मुद्दाः वडा सदस्य पासमान कारागार चलान

**टुडे समाचारदाता**

लहान । जबर्जस्ती करणी मुद्दामा दोषी ठहर भएपछि 'फरार' रहेका सिराहाको लहान नगरपालिका- २४ गोविन्दपुरका वडा सदस्य करिब ४५ वर्षीय भोगी भनिने भोगिन्दर पासमान पक्राउ परेपछि कारागार चलान भएका छन् ।



०७९ को स्थानीय तह निर्वाचनमा जसपा नेपालबाट वडासदस्य निर्वाचित पासमानलाई प्रहरीले लहान- १० बाट पक्राउ गरी सोमबार सिराहा जिल्ला अदालतमा दाखिला गरी १४ वर्ष कैद सजाय भुक्तानका लागि सिराहा कारागार पठाइएको छ ।

जिल्ला प्रहरी कार्यालय सिराहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासमानका अनुसार उच्च अदालत जनकपुर राजविराज इजलासको ८ फागुन ०८० को फैसलाबमोजिम पक्राउ गरी अदालतमार्फत कारागार पठाइएको छ ।

उच्चले परिवर्तित नाम लहान (ख) को जाहेरीको आधारमा जबर्जस्ती करणी मुद्दामा १४ वर्ष कैद र २५ हजार रुपैयाँ जरिवानाको फैसला गरेपछि 'फरार' रहँदै आएका प्रतिवादी पासमानलाई विशेष सूचनाको आधारमा पक्राउ गरी कारागार चलान गरिएको उनले बताए ।

उच्चमा १३ वैशाख ०७९ मा दर्ता भएको जबर्जस्ती करणी मुद्दामा ०८० मा असोज ५, पुस २४ तथा माघ ९ र २३ को सुनुवाइपछि ८ फागुनमा कसुरदार ठहर गर्दै सजाय निर्धारणका लागि पेस गर्ने आदेशसहित ४ चैतमा न्यायाधीशद्वय राधाकृष्ण उप्रेती र कोशलचन्द्र सुवेदीको संयुक्त इजलासले अभियोग दाबी पुग्ने फैसला सुनाएको थियो ।

सिराहा जिल्ला अदालतमा २२ चैत ०७७ मा पासमानसहित उनका छिमेकी अर्जुन पासमानविरुद्ध दर्ता भएको जबर्जस्ती करणी मुद्दामा न्यायाधीश पुष्पराज थपलियाको आदेशले २६ साउन ०७८ मा अभियोग दाबी नपुग्ने अन्तिम फैसला सुनाएको थियो। जिल्ला अदालतको अन्तिम फैसलापछि ०७९ वैशाखको स्थानीय स्थानीय तहको निर्वाचन हुनुअघि नै पीडित पक्षले उनीविरुद्ध उच्चमा पुनरावेदन गरेको थियो ।

स्थानीय तहको निर्वाचनमा वडासदस्य निर्वाचित भएको करिब २३ महिनापछि उच्चले पासमानलाई जबर्जस्ती करणी मुद्दामा अदालतले अभियोग दाबी नपुग्ने अन्तिम फैसला उल्टाएर कसुरदार ठहर गरेको थियो ।

# ६३ किलो लागूऔषध गाँजा बरामद

**टुडे समाचारदाता**

रौतहट । ६३ किलो लागूऔषध गाँजासहित बारामा प्रहरीले दुई वटा मोटरसाइकल नियन्त्रणमा लिएको छ ।

इलाका प्रहरी कार्यालय सिम्रौनगढ र प्रहरी चौकी अमृतगन्ज खजानीबाट विशेष सूचनाको आधारमा खटिएको टोलीले बकतौरामा चेकजाँच गर्ने क्रममा प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रकाश सापकोटाले जानकारी दिए ।

उनले सुवर्ण गाँउपालिका वडा नम्बर ३ बकतौराबाट भारततर्फ जाँदै गरेको अवस्थामा बरामद गरिएको बताए ।

बारा प्रहरीले चेकजाँच गर्ने क्रममा दुवै चालकहरु मेटरसाइकल छाडेर फरार भएको उनले बताए ।

त्यसपछि दुबै मोटरसाईकलमा



गाँजा फेला परेको थियो ।

बारा प्रहरीले ६३ किलो गाँजासहित आइतबार राति बागमती प्रदेश-०२०४१ प ५७३७ र ना. ६३ प ३९८८ नम्बरको मोटरसाईकल नियन्त्रणमा लिएको बाराका प्रहरी लोड रहेको समान खोलेर हेर्दा ६३ केजी गाँजा फेला परेको जिल्ला प्रहरी कार्यलय बाराले जनाएको छ । यस घटनाको विषयमा आवस्यक अनुसन्धान प्रक्रिया अगाडि बढाइएको बारा प्रहरीले जानकारी दिएको छ ।

# मोटरसाइकल ठोक्किँदा ४ जना घाइते

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा दुई वटा मोटरसाइकल एक आपसमा ठोक्किँदा चार जना घाइते भएका छन् ।



पूर्वपश्चिम राजमार्ग अन्तर्गत धनुषाको गणेशमान चारनाथ नगरपालिका-१ मा पूर्वतर्फ जाँदै गरेको ज१३प १०२९ नम्बरको मोटरसाइकललाई सोही दिशातर्फ गइरहेको ज८प ७३०७ नम्बरको मोटरसाइकलले पछाडिबाट ठक्कर दिँदा ४ जना घाइते भएको धनुषाका प्रहरी प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक बरुणबहादुर सिंहले जानकारी दिए ।

सिंहले घाइते हुनेमा ज १३ प १०२९ नम्बरको मोटरसाइकलका चालक धनुषाको गणेशमान चारनाथ नगरपालिका-४ का २६ वर्षीय महादेव यादव र पछाडि सवार २२ वर्षीय सुदीपकुमार यादव रहेको बताए ।

त्यस्तै ज ८ प ७३०७ नम्बरको मोटरसाइकलका चालक सिराहाको कल्याणपुर नगरपालिका-६ का २३ वर्षीय अफ्ताब राइन र पछाडि सवार गणेशमान चारनाथ नगरपालिका-२ का २५ वर्षीय नसालुन राइन घाइते भएका छन् ।

घाइते चारै जनाको गणेशमान चार्नाथ नगरपालिका स्थित कमलामाई अस्पतालमा उपचार भइरहेको उनले बताए ।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८